गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसमअनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ६२ | काठमाडौं | आइतबार, ०९ असार २०८१ | Prabhab National Daily | Sunday, June 23, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# विशेष महाधिवेशनउन्मुख माओवादी केन्द्र



फेरि समाजवादी क्रान्तिको निम्ति, नयाँ संश्लेषण र विचारको निम्ति महाधिवेशनतिर जान्छौं । र, अबको केन्द्रीय समितिको बैठकले महाधिवेशनको दिन तोक्छ

■ **पुष्पकमल दाहाल**
**अध्यक्ष**
**नेकपा माओवादी केन्द्र**

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सत्ता नेतृत्व दल नेकपा माओवादी केन्द्रमा तीन वर्षपछि बल्ल विशेष महाधिवेशनको प्रसंग उठेको छ । २०७८ सालको पुसमा छ महिनाभित्रै विशेष महाधिवेशन गर्ने भनिएको थियो । तर, त्यसयता माओवादी अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहालसहितका नेताहरू विशेष महाधिवेशनबारे मौन थिए । शनिबार भने दाहालसँगै अर्थमन्त्रीसमेत रहेका पार्टी उपमहासचिव वर्षमान पुनले विशेष महाधिवेशनको प्रसंग उप्काए ।

दाहालले अब बस्ने केन्द्रीय समिति बैठकले महाधिवेशनको मिति तय गर्ने बताए । 'फेरि समाजवादी क्रान्तिको निम्ति, नयाँ संश्लेषण र विचारको निम्ति महाधिवेशनतिर जान्छौं र अबको केन्द्रीय समितिको बैठकले महाधिवेशनको दिन तोक्छ,' शनिबार पार्टीको भ्रातृ संगठन तामाङ राष्ट्रिय मुक्ति मोर्चा नेपालको सातौं राष्ट्रिय महाधिवेशनको उद्घाटन गर्दै अध्यक्ष दाहालले भने ।

- यही वर्षको अन्तिमतिर पार्टीको विशेष महाधिवेशन बोलाउनेगरी तालिका बनेको पार्टी उपमहासचिव वर्षमान पुनको भनाइ
- विशेष महाधिवेशन भएर माओवादीको नयाँ विधान कार्यान्वयन भएको अवस्थामा तल्ला कमिटीदेखि माथिल्ला कमिटीसम्मै प्रतिस्पर्धा हुने

केन्द्रीय समिति बैठकचाहिँ कहिले बस्छ ? टुंगो छैन । सरकारको काममा आफू र वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठसहितका नेताहरू केन्द्रित हुनुपरेको भन्दै उनले केन्द्रीय समिति बैठक धकेलेको धकेलेकै छन् । यसले गर्दा दाहालले विशेष महाधिवेशन गर्ने भनिए पनि अनिश्चित छ । तर, उनले माओवादी आन्दोलनको ऐतिहासिक दिनमा महाधिवेशन गर्ने उल्लेख गरे । 'पहिला पनि हामीले ऐतिहासिक दिन छानेर महाधिवेशनको उद्घाटन गरेका थियौं । सायद त्यस्तै दिन छानेर महाधिवेशनको उद्घाटन गर्छौं,' उनले भने, 'महाधिवेशनबाटै सच्चिएर पार्टी एकतालाई अझै बलियो बनाउनेगरी अघि बढ्छौं ।'

विशेष महाधिवेशन नहुँदा गत फागुनमा माओवादीले तय गरेको नयाँ विधानसमेत कार्यान्वयनमा छैन । जसले पार्टी संगठनको गतिविधि सञ्चालनमासमेत असहजता पैदा भएको माओवादी नेताहरू बताउँछन् । यसले गर्दा पनि विशेष महाधिवेशन छिटो गर्नुपर्ने बाध्यतामा माओवादी पुगेको छ । पार्टीका उपमहासचिव तथा अर्थमन्त्री पुनले यही वर्षको अन्तिमतिर पार्टीको विशेष महाधिवेशन बोलाउनेगरी तालिका बनेको बताए ।

(क्रमशः पृष्ठ २ मा)

# गफ सुशासनको, काम कुशासनको !

■ **जेबी योञ्जन**

**काठमाडौं–** वर्तमान सत्ता गठबन्धनबीच गत २१ फागुनमा भएको आठबुँदे समझदारीको पहिलो बुँदामै देशमा 'सुशासन' कायम गराउन संयुक्त सरकार गठन गर्ने भनिएको छ । समझदारी हुनुभन्दा एक महिनाअघि माघमा ट्रान्सपरेन्सी इन्टरनेसनलले सार्वजनिक गरेको विश्वव्यापी भ्रष्टाचार सूचकांकमा नेपालको स्थानमा पहिलोपटक सुधार देखिएको थियो । जतिबेला उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ थिए । समझदारीपछि गठित सरकारको सोही पदीय भूमिकामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने छन् ।

उनै गृहमन्त्री लामिछानेलाई पूर्वगृहमन्त्रीसमेत रहेका हालका उपप्रधान तथा परराष्ट्रमन्त्री श्रेष्ठले सुशासन कायम गराउन नसकेको सन्दर्भमा शनिबार आलोचना गरेका छन् । 'अरू बेलामा ठूलठूला कुरा गर्नेहरू आफ्नो पालो आएपछि चाहिँ भयो गरौं कि नगरौं भन्ने ? अनि कसरी हुन्छ,' श्रेष्ठले गृहमन्त्री लामिछानेलाई प्रश्न गरे ।

गृहमन्त्री भएको १०० दिन पूरा भइसक्दासम्म लामिछानेले भ्रष्टाचारका कुनै पनि ठूला फाइल खोल्न सकेका छैनन् । श्रेष्ठ गृहमन्त्री भएका बेला भने लडाकु शिविर घोटालाकाण्ड, गिरिबन्धुकाण्ड र बाइडबडीकाण्डको फाइल खोल्न नसकेको भन्दै विरोधमात्रै गरेका थिएनन्, हिम्मत गर्नै नसकेको भन्दै आलोचना गरेका थिए । 'तीनवटा फाइल खोलियो भने यो देशका अधिकांश नेता जेलमा हुन्छन्, संसद्मा



- गृहमन्त्री भएको साढे तीन महिना बित्दासम्म ठूला भ्रष्टाचारका फाइल खोल्न लामिछानेको अरूचि
- आफैं बहुचर्चित सहकारी काण्डमा मुछिएपछि अप्ठ्यारोमा गृहमन्त्री
- सुशासनको पक्षमा काम गर्न नसकेको भन्दै सत्ता सहयात्रीबाटै आलोचना

हुँदैनन्,' लामिछानेले गृहमन्त्री बन्नुअघि भनेका थिए, 'तर, मुटु भएका मान्छेले फाइल खोल्नुपर्‍यो क्या मुटु भएको मान्छेले । एउटा सिंहको जत्रो मुटु भएको मान्छेले फाइल खोल्नुपर्‍यो । कुनै फिस्टे चराको जस्तो छाती भएको मान्छेले खोलेर हुँदैन ।'

लामिछानेले त्यसबेला तीनवटा फाइल भनेको लडाकु शिविरकाण्ड, गिरिबन्धुकाण्ड र वाइडबडीकाण्डको नै हो । प्रधानमन्त्री पुष्पकमल दाहाल लडाकु, एमाले अध्यक्ष केपी शर्मा ओली गिरिबन्धु र कांग्रेस सभापति शेरबहादुर देउवा वाइडबडीकाण्डमा मुछिएका छन् । यी तीन जना नेता मुछिएको भ्रष्टाचारकाण्डको फाइल खोलिए उनीहरू नेतृत्वको दलसम्बद्ध सांसदहरू पनि तानिने र जेलमा पुग्ने लामिछानेले भनेका हुन् ।

तर, गृहमन्त्री भएको साढे तीन महिना हुँदासम्म भ्रष्टाचारका यी ठूला नेता मुछिएको फाइल खोल्ने आँट लामिछानेले गरेका छैनन् । सुशासनको गफ छाँटेर कुशासनकै पक्षमा उभिएको देखिएका छन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त सूर्यनाथ उपाध्याय लामिछानेले यी तीनवटा फाइल खोल्न त के छुँदै नछुने बताउँछन् । यदि, यी भ्रष्टाचारका फाइल खोलिए उनको गृहमन्त्री पद क्षणभरमै गुम्ने उनको भनाइ छ ।

(क्रमशः पृष्ठ २ मा)



अरू बेलामा ठूलठूला कुरा गर्नेहरू आफ्नो पालो आएपछि चाहिँ भयो, गरौं कि नगरौं भन्ने ? अनि कसरी हुन्छ ?

■ **नारायणकाजी श्रेष्ठ**
**उपप्रधान तथा परराष्ट्रमन्त्री**



अहिले लामिछाने आफैं मुछिएको सहकारी काण्डमा बचाऊ गर्ने को-को छन् ? थाहा भएकै छ नि दाहाल र ओली होइनन् र ? अनि, उनीहरू संलग्न भनिएको काण्डको अनुसन्धान गर्लान् ? नुनको सोझो गर्नुपर्ने बाध्यतामा छन् उनी ।

■ **सूर्यनाथ उपाध्याय**
**पूर्वप्रमुख आयुक्त, अख्तियार दुरूपयोग अनुसन्धान आयोग**

**सन्दर्भ: वैदेशिक रोजगार**

# दूतावासले कोटा प्रणाली लागू गर्दा व्यवसायीलाई सास्ती



अनलाइन प्रविधिको प्रयोगले माग प्रमाणीकरणमा झन् सजिलो हुनुपर्ने हो । एउटा व्यवसायीले ल्याएको डिमाण्ड एकैपटक प्रमाणीकरण नहुने अवस्थाले साउदीजस्तै युएईमा पनि समस्या देखियो ।

■ **राजेन्द्र भण्डारी**
**अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीकका लागि नेपालीहरूको प्रमुख गन्तव्य रहेको युनाइटेड अरब इमिरेट्स (युएई)को अबुधाबीस्थित नेपाली दूतावासले मागपत्र प्रमाणीकरणमा कोटा प्रणाली लागू गरेपछि व्यवसायीले सास्ती खेप्नुपरेको छ । गत जेठ २४ गते परराष्ट्र मन्त्रालयअन्तर्गत कन्सुलर सेवा विभागले युएईबाट अनलाइन प्रविधिमार्फत माग प्रमाणीकरणको सुरुआत गरेयता दूतावासले एक पटकमा १०० जनाको मात्रै माग प्रमाणीकरण गर्न थालेपछि व्यवसायीले सास्ती खेप्नुपरेको हो ।

दूतावासले यही जुन ११ मा एउटा सूचना जारी गर्दै अनलाइनमार्फत माग प्रमाणीकरणका लागि आवेदन दिँदा आवश्यक पर्ने कागजातबारे उल्लेख गरेको थियो । जसमा डिमान्ड लेटर, सर्भिस एग्रिमेन्ट, रोजगार सम्झौता, ग्यारेन्टी लेटरलगायतका कागजात पेस गर्नुपर्ने भनिएको छ । जसमा पहिलो माग प्रमाणीकरणका १०० जना कामदार आइसकेपछि मात्रै अर्को डिमाण्डका लागि निवेदन दिन सकिने उल्लेख गरिएको छ ।

यसअघि साउदी अरेबियास्थित नेपाली दूतावासलेसमेत एक पटकमा १०० जनाको मात्रै मागपत्र प्रमाणीकरण गर्दै आएको छ । साउदी जस्तै युएईस्थित दूतावासले समेत सोही प्रणाली लागू गरेको बताइन्छ । दूतावासको यस्तो निर्णयले माग प्रमाणीकरणमा थप दुःख तथा झन्झट खेप्नुपरेको व्यवसायीहरूले बताएका छन् ।

व्यवसायीले एक पटकमा जति डिमाण्ड ल्याउँछन् ती सबैलाई एकैपटक प्रमाणीकरण गर्नुपर्ने नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । 'अनलाइन प्रविधिको प्रयोगले माग प्रमाणीकरणमा झन् सजिलो हुनुपर्ने हो,' उनले भने, 'एउटा व्यवसायीले ल्याएको डिमाण्ड एकैपटक प्रमाणीकरण नहुने अवस्थाले साउदीजस्तै युएईमा पनि समस्या देखियो ।'

कोटा प्रणालीका कारण रोजगारदाता कम्पनीले कामदार माग गर्दा पटक-पटक फाइल पेस गर्न झन्झट र असहज मान्ने भण्डारीको भनाइ छ । उसै पनि अनलाइन प्रणालीमा विभिन्न खालका समस्या आएर दुःख पाइरहेको भन्दै दूतावासले कोटा तोकेर व्यवसायीमाथि अर्को समस्या थपिदिएको उनले बताए ।

कोटा प्रणाली लागू गरेपछि एकैपटक ठूलो संख्यामा नेपालबाट कामदार माग गर्ने ठूलठूला कम्पनीहरू हच्किने अवस्थामा पुगेको युएईमा कामदार पठाउँदै आएका एक व्यवसायीले बताए । उनका अनुसार नेपाली नियोगको झन्झटिलो प्रक्रियाले तत्कालै ठूलो संख्यामा कामदार चाहिने कम्पनीलाई भनेजति जनशक्ति उपलब्ध गराउन नसक्दा रोजगारीको अवसर नै गुम्ने खतरा देखिएको छ ।

अनलाइनमार्फत माग प्रमाणीकरणका लागि आवेदन दिँदा अनेकन् झन्झट भोग्नुपरेको अर्को एक व्यवसायीले बताए । 'दुबईको एक कम्पनीले ३०० कामदारको माग गर्दै नेपालबाट ल्याउने भन्दै माग प्रमाणीकरणका लागि पठायो तर हाम्रो दूतावासले १०० जनाको मात्रै माग प्रमाणीकरण गर्‍यो,' ती व्यवसायीले भने । यस्तो व्यवस्थाले झनै समस्या निम्तिने उनको भनाइ छ ।

माग प्रमाणीकरणको नाममा कोटा तोकिनुमा व्यवसायीलाई दुःख दिने नियत रहेको वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका महासचिव कुन्छादोर्जे डिम्दोङले बताए । आर्थिक चलखेलका लागि यस्ता खाले प्रक्रिया राख्ने गरेको उनको आशंका । 'सहज र पारदर्शिताका लागि अनलाइन प्रक्रिया प्रभावकारी हुने भए पनि दूतावासका कर्मचारीको स्वार्थअनुकूल हुनेगरी कोटा प्रणाली लागू गरिएको हो,' उनले भने, 'यसमा व्यवसायीलाई दुःख दिने र रोजगारदाता कम्पनीलाई हतोत्साही बनाउने नियत लुकेको छ ।' यद्यपि कोटा प्रणालीको सूचना जारी गरेको दूतावासले व्यवसायीहरूको विरोधका बाबजुद पनि कुनै प्रतिक्रिया जनाएको छैन । तर दूतावासले माग प्रमाणीकरणमा कोटा प्रणाली लागू गरेकोप्रति श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयले भने असन्तुष्टि जनाएको छ ।

(क्रमशः पृष्ठ २ मा)






**जयवागेश्वरी डबली |** काठमाडौं महानगरपालिकाको स्वर्णिम योजना, सांस्कृतिक महानगरअन्तर्गत वडा नम्बर ८ को जयवागेश्वरी डबलीमा शनिबार साँझ आयोजित साप्ताहिक सांस्कृतिक कार्यक्रममा सहभागी कलाकारहरू । *तस्बिरः किरणराज विष्ट/रासस*

# बल्ल सुरू भयो 'इटाचापा' को पुनर्निर्माण



**काठमाडौं (प्रस)**– २०७२ वैशाख १२ गतेको भूकम्पले भत्काएको काठमाडौं महानगरपालिका-२७ असनस्थित ऐतिहासिक महत्त्वको सम्पदा 'इटाचापा' को पुनर्निर्माण सुरु भएको छ ।

वि.सं. १९९० को भूकम्प थेगेको यो सम्पदा २०७२ मा भत्केपछि यसको पुनर्निर्माणमा गुठी संस्थान र काठमाडौं महानगरपालिकाबीच केही समय हानथाप भएको थियो । सम्पदा महानगरअन्तर्गतको भएकाले वडाको पहलमा पुनर्निर्माण थालिएको वडा नं. २७ का अध्यक्ष योगेशकुमार खड्गीले जानकारी दिए । ऐतिहासिक महत्त्वको यो सम्पदा दुई करोड ४९ लाख ३७ हजार रूपैयाँमा पुनर्निर्माण थालिएको उनले सुनाए । तीन वर्षभित्र पुनर्निर्माण सम्पन्न गर्ने लक्ष्य छ ।

यो भवनमा प्रत्येक वर्ष विजया दशमीको भोलिपल्ट कुमारीलाई खाना खुवाउने परम्परा छ । यसलाई नेपाल भाषामा 'मरजा' भनिन्छ । सोही दिन यहाँ अन्नपूर्णाको जात्रा पनि चलाइन्छ । वि.सं. २०४० सम्म ल्हासाबाट सामान ल्याउने व्यापारी १० दिनसम्म यहाँ बस्ने गरेका उनले बताए । ल्हासा-काठाडौं यात्राका क्रममा कुनै रोगको संक्रमण भए त्यो १० दिनमा प्रभावहीन हुने ठानेर उनीहरू एकान्तबास बसेका आफूले पनि देखेको वडा अध्यक्ष खड्गीले बताए । *रासस*

पृष्ठ १ बीट क्रमशः

## विशेष महाधिवेशनउन्मुख...

'यो वर्षको अन्तिमसम्म कुनै न कुनै रूपले हामी विशेष महाधिवेशनतिर जाने कुरा पार्टीले मोटामोटी तालिका बनाएको छ,' पुनले मोर्चाको महाधिवेशनलाई सम्बोधन गर्दै भने, 'त्यो क्रममा वडा हुँदै पालिकाका विभिन्न सम्मेलन हुँदै महाधिवेशनसम्म जान्छौं ।' विशेष महाधिवेशन भएर माओवादीको नयाँ विधान कार्यान्वयन भएको अवस्थामा तल्ला कमिटीदेखि माथिल्ला कमिटीसम्मै प्रतिस्पर्धा हुने छ । टिके प्रथा अर्थात् मनोनीत गर्ने प्रणाली अन्त्य हुने छ । झण्डै साढे तीन दशकयता माओवादीमा लगातार दाहाल अध्यक्ष छन् । उनी आफू सर्वसम्मत अध्यक्ष हुने र पदाधिकारीसँगै अन्य पार्टी संरचनामा नेताहरूको मनोनीत गर्छन् ।

गत फागुनमा भएको विधान अधिवेशनमा यसको विरोध भयो । अन्ततः माओवादी पार्टीको आन्तरिक कमिटीमा पनि प्रत्यक्ष निर्वाचन प्रणाली लागू गर्न बाध्य भएको हो । यसबारे उपमहासचिव पुनले कार्यकर्ताको मन जित्ने नै नेता हुने बताए । 'अब हामी टिके प्रथा गर्दैनौं । बाहिर पनि राजनीतिक प्रतिस्पर्धाले जनप्रतिनिधि हुने हो । पार्टीभित्र पनि प्रतिस्पर्धा गरेर, कार्यकर्ताको मत जितेर वा टीका लगाएर हुँदैन,' पुनले भने, 'महाधिवेशनमा जसले मन जित्छ ऊ नेता हुन्छ ।'

पार्टी अध्यक्ष दाहालले भने यसअघि नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द, नेपाल समाजवादी पार्टी (नेसपा)का अध्यक्ष महेन्द्रराय यादवसहितका माओवादी घटकसँग एकता गरेपछि विशेष महाविधेशनमा जाँदा व्यावहारिक हुने बताएका थिए । अर्कोतिर समाजवादी मोर्चाको नाममा गोलबद्ध अन्य दललाई पनि एकता प्रक्रियामा लाने र अन्ततः बृहत् वाम ध्रुवीकरणको पक्षमा जानुपर्ने मत माओवादीभित्रै छ । यसले गर्दा पनि माओवादीको विशेष महाधिवेशन धकेलिन सक्ने देखिएको छ ।

पृष्ठ १ बीट क्रमशः

## गफ सुशासनको...

'अहिले लामिछाने आफैं मुछिएको सहकारी काण्डमा बचाऊ गर्ने को-को छन् ? थाहा भएकै छ नि दाहाल र ओली होइनन् र ? अनि, उनीहरू संलग्न भनिएको काण्डको अनुसन्धान गर्लान् ?,' उनले प्रभावसँग भने, 'नुनको सोझो गर्नुपर्ने बाध्यतामा उनी छन् ।' लामिछाने बहुचर्चित सहकारीको बचत अपचलनकाण्डमा मुछिएका मन्त्री हुन् । उनलाई पनि एमाले सांसद सूर्यबहादुर थापा क्षेत्री नेतृत्वको संसदीय छानबिन विशेष समितिले बयान लिने भएको छ । उनी यसअघि आबद्ध गोर्खा मिडिया नेटवर्क प्रालिका सञ्चालकसहितका पदाधिकारीमाथि छानबिन गर्ने समितिको कार्यविधिमै उल्लेख छ । यसरी लामिछाने यतिबेला निकै अप्ठ्यारोमा छन् । निरीह गृहमन्त्री भएका छन् ।

यहीबेला पूर्वगृहमन्त्रीसमेत रहेका परराष्ट्रमन्त्री श्रेष्ठले लामिछानेलाई पहिले ठूला कुरा गरेको र अहिलेचाहिँ भ्रष्टाचारकाण्डको फाइल खोल्ने विषयसँग सत्ताको सौदाबाजी गरेको अर्थमा अभिव्यक्ति दिएका हुन् । उनले सुशासनको पक्षमा निर्भीकताका साथ कदम चाल्नैपर्ने अवस्था रहेको पनि औंल्याए । 'म गृहमन्त्री हुँदा पैसा र राज्य आफूसँग छ वा पैसाको बलमा राज्यसँग पहुँच छ भने जे गरे पनि हुन्छ भन्ने मान्यतालाई भत्काउन खर्बौंको जग्गा सरकारको बनाइयो,' उनले भने, 'संलग्नलाई जेल हालियो । भुटानी शरणार्थी प्रकरणमा संलग्नलाई जेल हालियो । तर, त्यसप्रकारको काम नगरिकन विकास अगाडि बढ्न सक्दैन ।'

हुन पनि श्रेष्ठ गृहमन्त्री भएका बेला शरणार्थी काण्ड, सिआइबीमार्फत ललिता निवास जग्गाकाण्ड, ६० किलो सुनकाण्ड, पशुपतिको जलहरीकाण्डदेखि बाँसबारी छालाजुत्ता कारखानाको जग्गाकाण्डबारे अनुसन्धान भएको थियो । कांग्रेस-एमालेका केही ठूला नेता नै जेल पुगे । माओवादी उपाध्यक्ष कृष्णबहादुर महराकै छोरा राहुल सुनकाण्डमै पक्राउ परे । त्यहीबेला श्रेष्ठमाथि दाहाल, ओली र देउवा मुछिएको भ्रष्टाचार काण्डको फाइल खोल्न हिम्मत नगरेको भन्दै कटाक्ष गरेका थिए । तर, लामिछानेले पनि हिम्मत भने गरेनन् । यसलाई लिएर उनको आलोचना भइरहेको छ ।

उसो त लामिछानेले ३२ जेठमा गृह मन्त्रालय सम्हालेको १०० दिन पूरा भएको दिन पत्रकार सम्मेलन गरेर जनकपुर बृहत्तर क्षेत्र विकास समितिको नौ हजार बिघाभन्दा बढी जग्गा हिनामिना काण्डको अनुसन्धान गरेर आरोपीहरूलाई सार्वजनिक गर्ने जानकारी दिएका थिए । अहिलेसम्म हिनामिना काण्डमा को-को संलग्न छन् ? केही सार्वजनिक गरेका छैनन् । उनी गृहमन्त्री भएयता पक्राउ परेको भनेको नौ किलो तस्करीको सुनकाण्डमा पूर्वसभामुखसमेत रहेका माओवादी उपाध्यक्ष कृष्णबहादुर महरा, बाँसबारी छालाजुत्ता कारखानाको जग्गा हिनामिनाकाण्डमा मुछिएका व्यवसायी अरुण चौधरी र बालमन्दिर जग्गाकाण्डमा पूर्वमहासचिव गणेशभक्त श्रेष्ठ हुन् । महरा र चौधरी त पक्राउ परेर पनि तारेखमा रिहा भइसकेका छन् । अन्य ठूला भ्रष्टाचारकाण्डमा उनले रुचि देखाएका छैनन् ।

यहीबीच लामिछानेकै दल रास्वपाका महासचिव डा. मुकुल ढकालले एक महिने समीक्षा यात्रा सकेर आएपछि शुक्रबार स्टाटस लेख्दै रास्वपा सक्किने कि सच्चिने प्रश्नको घेरामा रहेको बताएका छन् । सुशासनको पक्षमा लामिछाने नेतृत्वको गृह प्रशासनले जनताले वाह वाही पाउनेगरी केही पनि 'एक्सन' नचालेको अवस्थाबीच ढकालले पार्टीको अबको दिन निकै गाह्रो हुने विश्लेषण पनि गरेका छन् । 'राष्ट्रिय स्वतन्त्र पार्टी जोगाउने वा नजोगाउने, हाम्रो औचित्य के हो ? गम्भीर र उच्च संवेदनशील प्रश्नका अगाडि हामी खडा छौं,' उनले आफ्नो फेसबुक पेजमा लेखेका छन्, 'यो प्रश्न आइसक्यो र यो प्रश्न छ भनेर सार्वजनिक स्वीकारोक्ति गर्दै हामीले हामीमा केही परिवर्तन गरी अघि बढेनौं भने हाम्रा गाह्रा दिन सुरू भए ।'

उनले पार्टी जोगाउने भए 'बोल्ड' निर्णय गर्नुपर्ने पनि बताए । 'पार्टी जोगाउने हो, नेपाली जनताको आशा, भरोसा जगाइराख्ने हो भने हामीले उच्च सचेतनासहित जोखिम लिएरै भए पनि केही बोल्ड निर्णय गरेर जानपर्छ । मलाई विश्वास छ, हामी त्यस्तो निर्णय गर्न अलिकति पनि हच्किदैनौं,' ढकालले लेखेका छन् । ४ मंसिर २०७९ मा भएको चुनावमार्फत रास्वपाले पाएको जनमत सुशासनको पक्षमा हो । तर, सरकारमा रहेर पनि सुशासनको पक्षमा गम्भीर एक्सन चाल्न नसकेको भन्दै जनस्तरबाट पनि रास्वपा आलोचित हुँदै गएको छ ।

## दूतावासले कोटा...

कोटा प्रणाली लागू गरिएको सम्बन्धमा केही दिनअघि श्रममन्त्री डोलप्रसाद अर्यालले पत्रकारहरूसँग यस्तो निर्णयले राम्रो सन्देश नदिने बताए । प्रविधिक समस्याले पनि कोटा प्रणाली लागू गरिएको हुनसक्ने उनको भनाइ थियो । 'यद्यपी हामीकहाँ कतिपय सन्दर्भमा समस्या नभए पनि समस्या जस्तो बनाउने परिपाटी छ, यसलाई छलफल गरेर छिट्टै समाधान गर्छौं,' मन्त्री अर्यालले भने ।


**पञ्चकन्या गहना गृह (प्रा. लि.)**
**(लिक्वीडेशन)**
**सम्बन्धमा हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ वमोजिम मितिः २०७२-०९-२९ मा दर्ता भएको प्रा.लि.नं. १४३८७० को पञ्चकन्या गहना गृह (प्रा. लि.) लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मितिः २०८१।०२।२९ गतेको विशेष साधारणसभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धीत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लिक्वीडेटर
**श्री शेर वहादुर रोकाया**
इजाजत पत्र नं. २८७
फोनः ९८५११६३७२३



**जय नेपाल रियलस्टेट (प्रा. लि.)**
**(लिक्वीडेशन)**
**सम्बन्धमा हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ वमोजिम मितिः २०७९-०५-२० मा दर्ता भएको प्रा.लि.नं. २९८२७२ को जय नेपाल रियलस्टेट (प्रा. लि.) लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मितिः २०८१।०२।२९ गतेको विशेष साधारणसभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धीत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लक्वीडेटर
**श्री शेर वहादुर रोकाया**
इजाजत पत्र नं. २८७
फोनः ९८५११६३७२३



**सिन्धु ज्वाला हाइड्रोपावर लि. को**
**पाँचौ, छौठौं र सातौं वार्षिक साधारणसभा सम्बन्धी सूचना**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८१/०३/०५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णायानूसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यस कम्पनीको लिमिटेड पश्चात पाँचौ, छौठौं र सातौं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारणसभामा आफैं उपस्थित हुन वा आफ्नो प्रतिनिधि मनोनयन गरी पठाई भाग लिन हुन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनुरोध गर्दछौं ।

**वार्षिक साधारणसभा हुने मिति, समय र स्थानः**
**वार्षिक साधारणसभा हुने मिति** : असार २९, २०८१
**सभा सुरु हुने समय** : बिहान १०:३० बजे
**स्थान** : सुनकोसी गाउँपालिका वडा नं.३, गौपीनी चौर, सिन्धुपाल्चोक


१. सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिको अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने कम्पनी रजिस्ट्रारको कार्यालयबाट भएको मिति २०७९/०१/०२ को निर्णय र निर्देशन तथा उच्च अदालत पाटनको मुद्दा नं. ०७८-DP-१६९० निर्णय नं. ७६७ र मुद्दा नं. ०७९-CB-१२४३ निर्णय नं. ७७२ फौसला बमोजिम आ. व. ०७३/७४ देखि आ. व. ०७७/७८, आ. व. ०७८/८९ र आ. व. ०७९/८० को लेखापरिक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. कम्पनीको कार्यप्रगति विवरण पेश गरी कम्पनीको उद्देश्य प्राप्तिका लागि हालसम्म भएका कार्य तथा निर्णयहरूलाई अनुमोदन गर्ने सम्बन्धमा ।
३. कम्पनीको प्रबन्धपत्र र नियमावलीअनुसर सञ्चालक समितिको गठन सम्बन्धमा ।
४. कम्पनीको चालु आ.व. ०८०/८१ को लागि लेखा परिक्षक नियुक्त गर्ने र पारिश्रमिक तोक्ने सम्बन्धमा ।
५. सञ्चालक समितिका पदाधिकारीहरूको जिम्मेवारी अनुसार सेवा सुविधा तोक्ने सम्बन्धमा ।
६. कम्पनीको संस्थापक शेयरधनीहरूले लिन कवुल गरेको शेयर र सो समूहमा पर्ने अवितरित शेयरको बाँडफाँड तथा भुक्तानी सम्बन्धमा ।
७. साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने सम्बन्धमा ।
८. बैंक कर्जाको लागि थप कर्जाको रिभाइज थप कर्जा लिने सम्बन्धमा ।

**विशेष प्रस्तावहरू :**
(क) कम्पनीको प्रबन्धपत्र र नियमावली संशोधन गर्ने सम्बन्धमा ।
(ख) प्रबन्धपत्र र नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायको निर्देशन अनुसार आवश्यक फेरबदल गर्नुपर्ने भएमा सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
९. विविध ।

**नोटः**
(१) प्रोक्सी मिति २०८१ असार २७ गतेसम्म यस कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा दर्ता गरी सक्नुपर्ने छ ।
(२) साधारणसभा हुने स्थानमा सभामा सहभागी शेयरधनी महानुभावहरूको हस्ताक्षरको लागि हाजिरी पुस्तिका ९:०० बजेदेखि नै खुल्ला गरिनेछ ।
(३) विस्तृत जानकारीको लागि कार्यालय समयभित्र कम्पनीको कार्यालयमा सम्पर्क गर्नुहोला ।

**सञ्चालक समितको आज्ञाले**
**कम्पनी सचिव**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

असार ०९ गते २०८१, आइतबार

| | |
|---|---|
| **मेष** | सातामा संघर्ष गरेपनि सफलता पाइएला । |
| **वृष** | कुनै कुराले मनलाई प्रसन्नता दिलाउनेछ । |
| **मिथुन** | विभिन्न कुनै कुराले व्यस्त भइनेछ । |
| **कर्कट** | महिनेतले प्रतिक्षा गरिएको उपलब्धि हासिल हुनेछ । |
| **सिंह** | शरीरमा थकानको मात्रा बढ्न सक्छ । |
| **कन्या** | कुनै कुरामा पनि नहतारिनु उपयुक्त रहनेछ । |
| **तुला** | सहज ढंगले काम सक्ने प्रयास हुनेछ । |
| **वृश्चिक** | इच्छाएबमोजिम आफूलाई प्रस्तुत गरिनेछ । |
| **धनु** | शंकालु मनले आफैंलाई दुःख दिनेछ । |
| **मकर** | मिहीनेतले काम, दाम र इमान हात पर्नसक्ला । |
| **कुम्भ** | समयअनुसार काममा ध्यान दिइनेछ । |
| **मीन** | कुनै आर्थिक काममा संलग्न हुनुपर्ला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार ०९ गते, २०८१, २३ जुन, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.४० | १३४.०० |
| युरो | १ को | १४२.९५ | १४३.५९ |
| पाउन्ड स्टिर्लङ | १ को | १६९.०३ | १६९.७९ |
| स्विस फ्रैन्क | १ को | १४९.५२ | १५०.१९ |
| अस्ट्रेलियन डलर | १ को | ८८.०८ | ८८.४७ |
| क्यानाडियन डलर | १ को | ९७.०८ | ९७.५२ |
| सिँगापुर डलर | १ को | ९८.६१ | ९९.०६ |
| जापानी येन | १० को | ८.४६ | ८.५० |
| चिनियाँ युआन | १ को | १८.३८ | १८.४७ |
| साउदी अरब रियाल | १ को | ३५.५५ | ३५.७१ |
| कतारी रियाल | १ को | ३६.५९ | ३६.७५ |
| थाई भाट | १ को | ३.६३ | ३.६४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.३२ | ३६.४८ |
| मलेसियन रिङेट | १ को | २८.२७ | २८.३९ |
| दक्षिण कोरियन वन | १०० को | ९.६६ | ९.७० |
| स्विडिस क्रोनर | १ को | १२.६६ | १२.७२ |
| डेनिस क्रोनर | १ को | १९.१६ | १९.२५ |
| हङकङ डलर | १ को | १७.०८ | १७.१६ |
| कुवेती दिनार | १ को | ४३४.८३ | ४३६.७८ |
| बहराइन दिनार | १ को | ३५३.९३ | ३५५.५२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।



**पनौतीको हिलेजात्रा** | काभ्रेपलाञ्चोकको ऐतिहासिक नगर पनौतीमा तीन दिनदेखि चलेको हिलेजात्रा (ज्याःपुन्ही)मा रथ यात्रा गर्दै स्थानीय । एक हजार ४२० वर्षदेखि मनाइँदै आइएको हिलेजात्रा विशेषरूपमा शनिबार परम्परा अनुसार दिनभर बजारमा भद्रकाली, महादेव र इन्द्रेश्वरका तीनवटा रथको भागदौड गराउने र रथ भेटिँदा यौनिकता दर्शाउन दुई रथलाई एक आपसमा जुधाइ जात्रा सम्पन गरिएको छ ।

*तस्बिरः राजकुमार पराजुली/रासस*

# काभ्रेपमा विपद् व्यवस्थापनको पूर्वतयारी

**काभ्रेपलाञ्चोक–** मनसुन सुरु भएसँगै प्राकृतिक प्रकोप तथा हुनसक्ने विपद्जन्य घटना र अवस्थाको व्यवस्थापन गर्न जिल्लास्थित सुरक्षाकर्मीले आपत्कालीन विपद् प्रतिकार्यको तयारी थालेका छन् । पाँचखालमा रहेको सशस्त्र प्रहरी बल नेपाल नं १५ गण हेडक्वाटरले उद्धार टोलीका लागि बनेपा नजिकमा 'अस्थायी वेश' राखेको छ ।

पनौती नगरपालिका-५ स्थित आइटी पार्कमा निर्माणाधीन सुरक्षण मुद्रण प्रेस भवनमा बसेको टोलीले जिल्लाको मुख्य सहर बनेपा आसपासका स्थानीय तहमा हुने मनसुन तथा विपद्मा उद्धार गर्ने जनाएको हो । उद्धार सामग्रीसहित सशस्त्र प्रहरी निरीक्षकको नेतृत्वमा २५ सशस्त्र प्रहरी टोलीलाई उद्धारमा खटिन तयारी अवस्थामा राखिएको जिल्लास्थित विपद् व्यवस्थापन समितिले जनाएको छ ।

गृह मन्त्रालयको निर्णयअनुसार पाँचखालमा रहेको हेडक्वाटरबाट रेखदेख तथा सञ्चालन हुने गरी उद्धारमा खटिनुपर्दाको अवस्थामा सडक र दूरीका हिसाबले पायक पर्ने स्थानमा छनोट गरी अस्थायी वेश राखिएको समितिले जनाएको छ । यसअघि काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकका सशस्त्र प्रहरी टोलीले सुनकोशी नदीमा उद्धारको पूर्वाभ्यास गरेको थियो । संयुक्त पूर्वाभ्यासमा सशस्त्र प्रहरी अधिकृत तथा जवानद्वारा बाढीमा बगेका, डुबेका, पहिरोमा फसेका तथा बाढीमा फसेका व्यक्तिलाई उद्धार गरी अभ्यास गरिएको थियो । साथै उद्धारकर्मी आफैं बाढीमा फसेर जोगिन सफल भएको प्रदर्शन गरिएको थियो । दुई जिल्ला विपद्को उच्च जोखिममा रहेकाले संयुक्त पूर्वाभ्यास गरिएको जनाइएको छ ।

जिल्लास्थित नेपाली सेनाको कालीजंग गण धुलिखेलले सामुदायिक विपद् प्रतिकार्यका लागि काभ्रेपलाञ्चोकको १३ मध्ये १० स्थानीय तहमा ८० सामुदायिक विपद् प्रतिकार्य तालिम दिई जनशक्ति तयार पारेको छ । तालिममा विपद्को परिचय र व्यवस्थापन चक्र, प्रतिकार्यका लागि आवश्यक सामग्री, सीप तथा कला, बाढीपहिरो, डुबान, आगलागीलगायत विपद्का घटनाका दौरान उद्धार गर्ने तरिका, प्राथमिक उपचार, स्थानीय स्रोतसाधनको प्रयोग गरी उद्धार गर्ने, आधुनिक उपकरणको प्रयोगलगायत विषयमा जानकारी गराइएको गणका गणपति प्रमुख सेनानी प्रकाशबहादुर सिंहले जानकारी दिए ।

काभ्रेपलाञ्चोकका अधिकांश भू-भाग पहाडी क्षेत्र, जिल्ला भएर बग्ने तीन ठूला नदी विपद्को हिसाबले जोखिमयुक्त मानिन्छन् । वर्षायाममा पहिरोको जोखिम, पुराना घर, बजार क्षेत्रमा बाक्लो बस्ती तथा जंगल इलाका धेरै भएकाले आगलागीका घटना हुँदै आएको घटनाक्रमले देखाएको छ ।

विपद्का घटनामा तत्काल उद्धारकर्मी पुग्न सम्भव नहुँदा कयौं मानिसको ज्यान जानसक्ने सम्भावनालाई न्यूनीकरण गर्न स्थानीयद्वारा नै प्रतिकार्य गर्न सक्ने क्षमताको विकास गर्न तालिम दिइएको सिंहले बताए । उनका अनुसार विपद्का क्रममा उद्धारकर्मीको उपस्थितिविना स्थानीयद्वारा 'फस्ट रेस्पोन्डर' का रूपमा युवाको क्षमता विकास गरिएको हो ।

प्राथमिक उपचार तथा मेडिकलसम्बन्धी प्रशिक्षण र अभ्यास, शिक्षार्थीबाट 'डेमोन्स्ट्रेसन' गरिएको गणपति प्रमुख सेनानी सिंहको भनाइ छ । गणले गत जेठमा काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकको सीमास्थल भएर बग्ने इन्द्रावती नदीमा 'मनसुन-४' नामक विपद् प्रतिकार्य अभ्यास गरेको थियो । गणले गत वर्ष पनि 'मनसुन-३' नामाकरण गर्दै अभ्यासमा बगेको र डुबेको, पहिरोमा फसेको व्यक्तिको उद्धार प्रदर्शन गरेको थियो ।

यसैबीच समितिको बैठकमा मनसुन तथा विपद्बाट प्रभावित हुनसक्ने स्थान पहिचान गरी संकटको अवस्थामा रहेका समुदाय एवं बस्तीको पहिचान र जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्ने, विपद् प्रतिकार्यका लागि अवश्यक समग्रीको सम्बन्धित सबै निकायले तयारी अवस्थामा राख्ने, एम्बुलेन्स, दमकलसहितका उपकरण अन्तरस्थानीय तह समन्वय गरी परिचालन गर्नेलगायत निर्णय भएका छन् ।

विपद्को समयमा तत्काल सेवा दिनसक्ने गरी स्वास्थ्य संस्था, औषधि र जनशक्तिलाई तयारी अवस्थामा राख्ने, विकासका आयोजना सञ्चालन गर्दा र निर्माण सामाग्री उत्पादन गर्दा विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गरी मापदण्डको पूर्णपालना गर्नुपर्ने पनि निर्णय भएका समिति संयोजक एवं प्रमुख जिल्ला अधिकारी सूर्य सेढाईंले जानकारी दिए । *रासस*

# पाँच हजारबाट व्यवसाय थालेकी मीनाकुमारीलाई माग पूरा गर्न भ्याइनभ्याइ

■ **रवीन्द्र काफ्ले**

**पाँचथर–** याङवरक गाउँपालिका-३ ओयामको देवीस्थानकी मीनाकुमारी गुरुङले भेडाको ऊनका सामग्री उत्पादन गर्न थालेको ३० वर्ष पूरा भयो । तत्कालीन घरेलु तथा साना उद्योग कार्यालय पाँचथरले तालिम दिएपछि नियमितरूपमा ऊनका सामग्री निर्माण गर्दै आएकी उनलाई अहिले माग पूरा गर्न कठिन परेको छ ।

गुरुङले स्थापना गरेको लेकाली राडीपाखी उद्योगले उनको परिवारलाई मात्रै फाइदा भएको छैन, छिमेकका ऊनको काम गर्न चाहने महिलाका लागि रोजगारी र आम्दानीको बाटो पनि बनेको छ । वि.सं. २०५१ मा यहाँको चरिभञ्ज्याङमा घरेलु तथा साना उद्योग कार्यालयबाट तालिम लिएपछि मीनाकुमारीले ऊनका सामग्री निर्माण गर्न थालेकी थिइन् । 'पहिले मैले केही पनि जानेको थिइनँ । म त भारत मै जन्मे हुर्केको हुँ । विवाह गरेर यहाँ आएपछि के चाहिँ गरौं भनेर खोज्दा यहाँ बाबुबाजेले गरिराखेको काम गर्नु ठीक लाग्यो,' उनले भनिन्, 'तर मलाई सीप केही नआउने । तालिम लिने अवसर पाएपछि मैले नियमितरूपमा सामग्री उत्पादन गर्दै आएकी छु ।'

विवाह गरेर घरमा आउँदा उनको २८ जनाको परिवार थियो । घरमा भेडापालन पनि भएकाले यो व्यवसाय गर्न उनलाई सबैतिरबाट सहज भयो । तालिम लिएपछि नै उनले आफ्नो कामलाई व्यवसायको रूप दिन सोही कार्यालयबाट पाँच हजार रूपैयाँ ऋण पाएकी थिइन् । 'त्यही ऋणबाट व्यवसाय सुरुआत गरेँ । ऋणबाट व्यवसाय थाल्दाको चिनो मसँग अझै छ तीनपाटे राडी,' उद्यमी गुरुङले भनिन्, 'त्यसयता यही व्यवसायले घर परिवार चलाउँदै आएका छौं ।' घरेलुको ऋण चुक्ता गरेपछि उनले कृषि विकास बैंकबाट २० हजार ऋण लिएर किस्ता तिर्न थालेकी थिइन् । तत्कालीन सशस्त्र द्वन्द्वका समयमा उक्त ऋण पनि तिर्न जान बन्देज भयो । उनको व्यवसाय पनि धराशायी भयो । उत्पादित सामग्री सहजै बजार पुग्न कठिन भयो । संकटकालमा रोकिएको उनको व्यवसाय पुनः पुरानै स्थितिमा पुग्यो ।

उनको व्यवसायले उचाइ लिन घरेलु कार्यालयबाट आएको एउटा फोन निकै महत्त्वपूर्ण भयो । 'गाउँघरको घरपाला (गाउँकै भेडाको) ऊनबाट सामग्री निर्माण गरिरहेकी थिएँ । पछि घरेलु कार्यालयबाट मलाई फोन आयो,' उनले भनिन्, 'परम्परागत पेसालाई व्यवसाय बनाउनेहरूलाई तालिम दिने कार्यक्रम रहेछ । त्यसपछि मैले व्यावसायिकरूपमा काम गर्ने तालिम लिने अवसर पाएँ ।'

उनले आफ्नो व्यवसायलाई बढाएपछि भेडाको ऊनको खाँचो पनि भएन । भेडापालकले घरमै ऊन पठाइदिन थाले । 'पहिले त २० जनासम्म दिदीबहिनीले मेरोमा काम गर्नुहुन्थ्यो । अहिले चाहिँ उहाँहरूले ऊन जोखेर आफ्नै घरमा खोसलेर धागो बनाएर ल्याइदिनुहुन्छ,' उद्यमी गुरुङले भनिन्, 'धेरै माग आउँदा दिदीबहिनीहरूलाई भेला पारेर बुन्छौं । माग आएपछि सबैलाई बोलाउँछु । अहिले गाउँका धेरै जना ऊनका सामग्री बुन्न सक्षम भइसकेका छन् ।'

गुरुङको उद्योगमा अहिले चेयर म्याट, सोफा सेट, बुर्कासन, दुई र तीनपाटे राडी, लुकुनी, स्टकोट, कोट, झोला, पर्स, गमलामा राख्ने फूललगायत सामग्री निर्माण हुने गरेका छन् । उनका अनुसार ऊनका २०८ प्रकारका सामग्री निर्माण गर्न सकिन्छ । यद्यपि यहाँ ती सबै सामग्री उत्पादन हुँदैनन् । उद्योगमा प्रयोग हुने ऊन भने जिल्लाकै फालेलुङमा रहेको भेडीगोठसहित ताप्लेजुङका विभिन्न स्थानबाट आपूर्ति गर्ने गरिएको छ । गुरुङले सामग्री निर्माणका लागि विभिन्न प्रकारका ऊन काठमाडौंबाट ल्याउने गरेकी छन् ।

## विदेश पुग्छन् अधिकांश सामग्री

उद्यमी गुरुङका अनुसार उत्पादित सामग्रीका आधारमा फाइदा हुने गर्छ । 'सानो सामग्रीमा १०० रूपैयाँ हाराहारी नाफा हुने गरेको छ, ठूलो सामग्रीमा दुई हजार रूपैयाँसम्म फाइदा राखेर बिक्री गर्छौं,' उनले भनिन्, 'धेरै मूल्य राखौं बिक्री हुन गाह्रो हुन्छ, कम मूल्य राख्दा फाइदा हुँदैन ।' यद्यपि आफैं बजार गएर बिक्री गर्दा भने आकर्षक मूल्य प्राप्त गर्न सकिने गुरुङ बताउँछिन् ।

यहाँ उत्पादित ऊनका सामग्री देशका विभिन्न स्थानसहित छिमेकी मुलुक भारत र अन्य देशमासमेत बिक्री हुने गरेको छ । अमेरिका, अस्ट्रेलिया, जापानलगायत देशमा बस्ने नेपालीले घरमा सजावटका लागि यहाँका सामग्री माग गर्ने गर्दछन् । पछिल्ला दिनमा लुकुनी मृत्यु कार्यमा प्रयोग गर्न थालिएको छ । जसकारण यसको माग क्रमश बढिरहेको मीनाकुमारीको भनाइ छ ।

उनको उद्योगमा केन्द्रित भई अहिले ऊन खोस्रिने, धागो तान्ने, तान बुन्नेलगायत काममा औसत १० महिला सम्लग्न भइ रोजगारी प्राप्त गरिरहेका छन् । तर कठिन ठानेर ऊनको काम गर्नेको संख्या घटिरहेको छ । अब प्रविधिको प्रयोगमार्फत व्यवसायलाई सरल बनाउन मीनाकुमारीसहितका महिलाले चासो राखिरहेका छन् । आफूहरूले गरी आएको परम्परागत पेसाको सम्वर्द्धनका लागि अहिलेसम्म कुनै पनि सहयोग प्राप्त नभएको उनीहरूको गुनासो छ । 'अहिले हामीलाई ऊन फड्किने सामग्री चाहिएको छ । ऊन फड्कार्न धेरै गाह्रो छ । त्यही कारण आउने माग समयमा पूरा गर्न सकिरहेका छैनौं,' उनले भनिन्, 'तान जसले पनि बुन्छ । ठूलो समस्या भनेको पिउरी बनाउन गाह्रो छ । त्यही गर्ने मेसिन पाए हुन्थ्यो भन्ने आशा छ ।'

केही समयअघि घरेलु तथा साना उद्योग कार्यालय पाँचथरबाट मीनाकुमारीको उद्योगमा प्रविधि विस्तार गर्न बजेट विनियोजन पनि भएको थियो । तर कार्यालयबाट विनियोजित एक लाख रूपैयाँ बजेटमा मेसिन नआउने भएपछि बजेट प्रयोग नै हुन सकेन । भेडाको ऊनबाट धागो कात्न उनमा रहेको लट्टा फुटाउनुपर्छ । लट्टा फुटाउन प्रयोग हुने कोप्यासो भाँच्चिएर डालोभरि रहेको मीनाकुमारीको गुनासो छ ।

'अहिले युटच्युबमा के-के नयाँ सामग्री पाइन्छ भनेर बुझ्न थालेका छौं,' उनले भनिन्, 'हामीलाई चाहिएको ऊन फड्किने नै हो । हामीले काठमाडौंमा प्रदर्शनीका क्रममा धान कात्ने, ऊन फड्कार्नेलगायत सामग्री देखेका थियौं । मेसिनबाट सामग्री बनाउँदा अलि नरम पनि हुने रहेछ ।'

यहाँ उत्पादन हुने सामग्री कतिपय घरबाटै बिक्री हुन्छ भने कतिपय गाडीमा हालेर पठाउने गरिएको छ । सामग्री बिक्रीका आधारमा आम्दानी हुने गरेको तर उपभोक्ताको माग पूरा गर्न नसकिरहेको मीनाकुमारीको भनाइ छ ।

राष्ट्रिय औद्योगिक प्रदर्शनीलगायत स्थानसम्म पुगेकी मीनाकुमारीलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसहित विभिन्न सरकारी निकायले उत्कृष्ट उद्यमीका रूपमा पुरस्कृत गरिसकेका छन् । यहाँ उत्पादन भएको राडीपाखी याङ्वरक गाउँपालिका तथा जिल्लामा आयोजना हुने विभिन्न कार्यक्रममा उपहारका रूपमा वितरण हुँदै आएको छ । सामग्रीले पहिचान बनाए पनि प्रविधिलाई प्रयोगमा ल्याउन नसक्दा सामग्री उत्पादन कठिन बन्दै गएको मीनाकुमारीकी छोरी युनुसा गुरुङको भनाइ छ ।

प्रविधिको प्रयोगमार्फत व्यवसायलाई सरल बनाइ दीर्घकालीन आम्दानीको स्रोत बनाउने अभिलाषा मीनाकुमारीजस्तै यहाँका अधिकांश महिलाले राखेका छन् । यसका लागि सरकारी निकायले प्रविधि र उपकरण हस्तान्तरण गर्नुपर्ने उनीहरूको माग छ । शिक्षकसमेत रहेकी मीनाकुमारीका श्रीमान् पूर्णकुमार गुरुङ पनि प्रविधि हस्तान्तरण गरी सरकारले मद्दत गर्नुपर्ने बताउँछन् । राडीपाखी बुन्ने चलन क्रमशः घट्दै गएकाले उत्पादन हुने उद्योगी व्यवसायीलाई सहयोग भए मात्रै परम्परागत पेसा जीवन्त रहने उनको भनाइ छ । *रासस*

**Invitation for Bids**
**Sundarharaincha Municipality**
**Office of Municipal Executive**
**Biratchowk, Morang, Koshi Province, Nepal**

**Invitation for Electronic Bids**

**Procurement of Works**
**Date of publication: 2081/03/09**

1. The Sundarharaincha Municipality, Office of Municipal Executive invites electronic bids from eligible bidders for the procurement as stated in table below under **SQ** bidding procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Sundarharaincha Municipality, Biratchowk, Morang, Koshi Province, Nepal or may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document Fee in the following bank.
   **Name of the Bank: Agricultural Development Bank**
   **Name of the Office: Sundarharaincha Municipality, Ga3.1 Local Level Depo**
   **Office Account No.: 0601501147630146**
4. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at the office of Sundarharaincha Municipality, Biratchowk, Morang. Bids must be valid for a period of **45 Days.** counting from the day of bid opening amounting to a minimum of as stated in table below, which shall be valid for minimum 30 days beyond the bid validity period. For Cash Deposit Bank details:
   **Name of the Bank: Agricultural Development Bank**
   **Name of the Office: Sundarharaincha Municipality, Ga3.1 Local Level Depo**
   **Office Account No.: 0601501147630030**
5. If the Bid opening day falls on a government holiday, then the bid will be opened on the next working day.
6. Any change or amendment on notice or bid document will be published on e-GP system: www.bolpatra.gov.np/egp or office website: www.sundarharaichamun.gov.np or office notice board.
7. The Purchaser reserves right to accept or reject, wholly or partially any or all bids without assigning any reason, whatsoever. For further enquiry contact: 9852066111, 9852032607.

| S. N. | IFB No./ Contract ID No. | Name of Project Work | Estimated Amount Nrs. (without VAT) | Bid Document Fee (Nrs.) | Bid Security Amount (Nrs.) | Last Bid Submission Date | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SHM/MOR/ SQ/W-38/ 2080/081 | Blacktop Road Construction Works of parshuram ko Ghar purba Haraicha Bazar Road, Sundarharaicha 01 | 1728940.41 | 1000 | 48000 | 2081/03/24 12:00PM | 2081/03/24 01:00PM | SQ (Re-Bid) (2nd Notice) |
| 2 | SHM/MOR/ SQ/W-50/ 2080/081 | Supply, Installation and Fitting of Street Lights, Sundarharaicha 02 | 1293168.30 | 1000 | 35000 | 2081/03/24 12:00PM | 2081/03/24 01:00PM | SQ |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# ऋणको भार नथोपार

सार्वजनिक ऋणको आँकडा बढ्दै जाँदा मुलुक थप समस्यातर्फ धकेलिँदै गएको छ । सार्वजनिक बर्सेनि थपिँदै जाने तर त्यसको उपयोग उपलब्धिमूलक क्षेत्रमा नहुँदा आमरूपमा चिन्ता र चासो बढेको हो । सरकारले सार्वजनिक ऋण नियन्त्रणमा ध्यान दिन नसक्दा यो अवस्था आएकोमा सबै जानकार छ । चालु आर्थिक वर्षको ११ महिनामा मात्रै करिब दुई खर्ब रूपैयाँले सार्वजनिक ऋण बढेको छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ को जेठ मसान्तसम्ममा मुलुकको कूल सार्वजनिक ऋण २४ खर्ब रूपैयाँ नाघेको छ । चालु आवको सुरुआत अर्थात् २०८० असार मसान्तमा कूल सार्वजनिक ऋण २२ खर्ब ९९ अर्ब ३५ करोड रूपैयाँ बराबर थियो । त्यसयताको ११ महिनामा मात्र एक खर्ब ९९ करोड रूपैयाँ बराबर ऋण थपिएको कार्यालयको तथ्यांक छ ।

हालसम्मको कूल सार्वजनिक ऋणमा आन्तरिक ऋणको हिस्सा ४९.६८ र बाह्य ऋणको हिस्सा ५०.३२ प्रतिशत रहेको छ । कूल ऋणमध्ये ११ खर्ब ९२ अर्ब ४८ करोड रूपैयाँ आन्तरिक र १२ खर्ब सात अर्ब ८६ करोड रूपैयाँ बाह्य ऋण रहेको कार्यालयको तथ्यांक छ । बाह्य ऋणतर्फ बहुपक्षीय ऋणदातालाई १० खर्ब ७१ अर्ब ११ करोड रूपैयाँ र द्विपक्षीय ऋणदातालाई एक खर्ब ३६ अर्ब ७४ करोड रूपैयाँ बराबर तिर्न बाँकी छ । त्यस्तै, आन्तरिक ऋणतर्फ विकास बण्डको दायित्व सबैभन्दा बढी सात खर्ब ६४ अर्ब ९४ करोड रूपैयाँ बराबर छ । हालसम्मको ट्रेजरी बिलको दायित्व चार खर्ब १२ अर्ब ६९ करोड रूपैयाँ, नागरिक बचतपत्रको दायित्व १० अर्ब ७५ करोड रूपैयाँ, वैदेशिक रोजगारी बचतपत्रको दायित्व १७ करोड रूपैयाँ र आइएमएफ बण्डको दायित्व तीन अर्ब ९१ करोड रूपैयाँबराबर छ ।

चालु आर्थिक वर्षका लागि सरकारले कूल चार खर्ब ५२ अर्ब ७५ करोड रूपैयाँ बराबर ऋण उठाउने लक्ष्य राखेको थियो । जसमध्ये आन्तरिक ऋण दुई खर्ब ४० अर्ब रूपैयाँ र बाह्य ऋण दुई खर्ब १२ अर्ब ७५ करोड रूपैयाँ उठाउने लक्ष्य थियो । गत वैशाख मसान्तसम्ममा सरकारले आन्तरिकतर्फ दुई खर्ब २५ अर्ब र बाह्यतर्फ ८२ अर्ब ६७ करोड बराबर ऋण उठाइसकेको छ ।

ठूला पूर्वाधार विकास र उत्पादनमूलक क्षेत्रमा लगानीका लागि ऋण लिनु अस्वाभाविक मान्न सकिन्न । किनकि पर्याप्त स्रोत नहुँदा ऋण लिएर नै विकास निर्माणका कार्यमा लगानी गर्ने प्रवृत्ति सबै मुलुकमा रहेको छ । तर, मुलुकमा ऋण लिएको रकमको सही सदुपयोग हुन नसकेको हुँदा मुलुकले ऋणको भारी मात्रै थप्दै जानु राम्रो होइन । त्यसैले अब अत्यावश्यक प्रयोजनका लागिबाहेक ऋणको भार नथप्नु नै हितकर हुने छ ।

# जीवन रूपान्तरणका लागि योग



■ डा. राजु अधिकारी

*युवावृद्धोऽतिवृद्धो वा व्याधितो दुर्बलोऽपि वा ।*
*अभ्यासात्सिद्धिमाप्नोति सर्वयोगेष्वन्द्रितः ॥*
*हठयोग प्रदीपिका ।*

अर्थात् युवा, वृद्ध, अतिवृद्ध, रोगी, दुर्बल जोसुकैले पनि योगाभ्यास गरेर सफलता (सिद्धि) प्राप्त गर्न सक्दछ । हो, योगको अन्तिम लक्ष्य सिद्धि प्राप्त गर्नु हो । तर धनसिद्धि र नामसिद्धि प्राप्त गर्ने होड चलेको आजको युगमा मान्छेसँग योगसिद्धि प्राप्त गर्ने समय छैन । तर पनि आफ्नो व्यस्त दिनचर्याबाट अलिकति समय निकालेर योग-योगाभ्यास गऱ्यौं भने आरोग्य सिद्धि प्राप्त गर्न निश्चितरूपले मद्दत पुग्छ ।

आजको मानिस व्यस्त छ । व्यस्त हुनु उसको बाध्यता हो । बाध्यताभित्र लुकेको विडम्बनाचाहिँ के हो भने मानिस व्यस्तमात्र होइन, ग्रस्त, त्रस्त र ध्वस्तसमेत हुँदै छ । अर्थात् कि रोगले ग्रस्त, तनावले त्रस्त र अनैतिकताले ध्वस्त । यी सबै संकट र तापहरूको रामवाण औषधि भनेको नै योग हो । त्यसैले त भनिएको छ-'भवतापेन तप्तानां योगो हि परमौषधम्' । याने कि निश्चय नै योग अचेलका नानाविधि ताप-सन्तापहरूको जडी औषधि हो ।

यही योगरूपी अमृततुल्य औषधिलाई आत्मसात् गर्ने, यसमाथि चिन्तन मनन गर्ने र यसको यथोचित प्रचारप्रसार गर्ने पर्वको नाम हो अन्तर्राष्ट्रिय योग दिवस । विश्वका २०० अधिक देशहरूमा एकसाथ मनाइने एकमात्र उत्सव हो यो योग दिवस । योग दिवस मनाउने क्रममा सुरुसुरुमा केही मतभेद, विवाद र विरोधहरू सुनिन्थे तर आज आएर योग विज्ञानप्रति कुनै पनि विवाद र विरोध सुनिँदैन । यसलाई एउटा आत्म उत्कर्षको विज्ञान, सार्वभौम चिकित्सा पद्धति र प्राकृतिक जीवनशैलीको रूपमा निःसर्त स्वीकारिएको पाइन्छ । हामी नेपालीका लागि यो महान् गौरवको विषय हो किनकि योगको उद्गम भूमि यही नेपाल हो । हाम्रै पूर्वज ऋषि महर्षिहरूले योगको आविष्कार गरेका हुन् । योगसँगै उनीहरूले आयुर्वेद, वेद, ज्ञान, साधना र अध्यात्म विज्ञानको पनि आविष्कार गरेका थिए । जुन आज विश्वभरि प्रचारित र प्रसारित भइरहेको छ ।

### विविधतापूर्ण योग विज्ञान

आमधारणा जस्तै योग आधा-एक घण्टामा गर्ने व्यायाम कसरत मात्र हैन, यो प्रतिपल, प्रतिक्षण र सास सासमा चलिरहने प्रक्रिया हो । महर्षि अरविन्दले भन्नुभएको छ, 'प्रत्येक श्वास योग साधना हो ।' व्यावहारिक परिप्रेक्ष्यमा योग जीवन जिउने कला हो । योग विज्ञानका अध्येताहरूको अनुभवअनुसार योग समग्र जीवन पद्धति हो, सर्वांगीण जीवनदर्शन हो । अध्यात्म वैज्ञानिकहरूको दृष्टिकोणमा योग सबै विज्ञानभन्दा माथि चेतनाको महाविज्ञान हो । ऋषिमहर्षि सूक्ष्म द्रष्टाहरूको भनाइमा योग समाधिको यात्रा हो । महर्षि पतञ्जलि भन्छन्, 'मन (चित्त) का वृत्तिहरूको यथोचित निरोध नै योग हो ।'

यी विभिन्न अभिमतहरूमध्ये तपाईंलाई जुन तर्क अधिक मन पर्छ, त्यसलाई सहर्ष स्वीकार्न सक्नुहुनेछ । व्यक्तिपिच्छे रुचि, क्षमता, कर्म र संस्कारको स्तर भिन्न हुने गर्छ । कुनै व्यक्ति तर्कशील र बौद्धिक हुन्छ भने कुनै व्यक्ति भावनाशील र भक्तिवान हुन्छ । जसमा जुन किसिमको क्षमता र अभिरुचि हुन्छ सोहीअनुरूप ऊ योगमार्गको चयन गर्न सक्दछ । त्यसैले गर्दा योग-आविष्कारहरूले अनेकौं प्रकारका योग प्रणालीको प्रवर्तन गरेका छन् । पृथकपृथक प्रकारका योग पद्धतिहरू खासगरी विविधताले भरिएका जिज्ञासुहरूको सुविधामाथि ध्यान राखेर विकसित भएको हुनुपर्छ ।

प्रचलित प्रमुख योग प्रणाली यसप्रकार छन्- कर्मयोग, ज्ञानयोग, राजयोग, अष्टांग योग, भक्तियोग, मन्त्रयोग, हठयोग, क्रियायोग, नादयोग, प्राणयोग, ध्यानयोग । आजभोलि योगको नाममा जुन आसन, प्राणायाम र केही मुद्राबन्धको प्रयोग गरिन्छ, त्यो हठयोगको एउटा सानो अंश मात्र हो । समग्रतामा योग अत्यन्तै व्यापक, असीम र वैविध्यपूर्ण छ । यसर्थ योग गर्नलाई कसैलाई कुनै पनि कुराले र कहिल्यै पनि छेक्दैन । जहिले पनि जहाँ पनि, जुनसुकै परिस्थितिमा पनि योग गर्न सकिन्छ ।

शरीर रहुञ्जेल हाम्रो शरीर कुनै न कुनै आसनमा अवस्थित हुने गर्दछ । आसनविना शरीर अस्तित्त्वमै रहँदैन । हरघडी शरीरको अवस्था, दशा, लयबद्धताप्रति सजग हुनु नै आसनाभ्यास हो । प्रत्येक मिनेट १६-१७ पटक लिने छाड्ने श्वासप्रश्वासलाई परिष्कृत गर्नु प्राणायाम हो । यसरी जीवनका प्रत्येक आयाममा उत्कृष्टता, विशुद्धता र दिव्यता थप्दै जानलाई केले छेक्ने ? स्मरण रहोस्, शरीर र मनको उपलब्धता नै योगको प्रयोगशाला हो । पट्टाभि जोइस भन्नुहुन्छ, 'जो यसलाई चाहन्छ योग हरेकका लागि सम्भव छ । योग एक ब्रह्माण्डीय विषय हो तर यसलाई व्यापारिक उद्देश्य र सांसारिक कमाइको उद्देश्यले प्रयोग गर्ने भूल नगर ।'

### योग नगरे गुम्छन् यी फाइदा

शारीरिक- ओजस्वी शरीर, आरोग्यवान् एवं स्वस्थ शरीर, तन्दुरुस्त एवं सुगठित काया, कर्मसामर्थ्यले युक्त तन, तेजोमय मुखमण्डल, स्फूर्तिवान् व्यक्तित्त्व, भरिपूर्ण जीवनीशक्ति, दुःखकष्ट तथा घामपानी सहन सक्ने ज्यान ।

प्राणिक-प्राण सम्पन्न व्यक्तित्व, आँखामा तेज, त्वचामा चमक, प्रबल रोग प्रतिरोधी क्षमता, जाडो-गर्मी जुनसुकै स्थानमा अनुकूलित हुन सक्ने, उन्नत एवं सुविस्तृत आभा मण्डल भएको । मानसिक-तीक्ष्ण (बौद्धिक क्षमता), एकाग्रता क्षमता, स्मृति क्षमता, बोध क्षमता, ग्रहण क्षमता, धारणा क्षमता, ध्यान क्षमताजस्ता मानसिक क्षमताले युक्त । सिर्जनात्मकता, रचनात्मकता, मनस्वीता, अन्तर्ज्ञान, भाषिक चातुर्यता, भेद चातुर्यता, निर्णयशीलता, लक्ष्यशीलता, नेतृत्वक्षमता, प्रबन्धक्षमता, कलाकौशल आदि कसौटीमा प्रखर ।

नैतिक-नीतिवान्, सदाचारी, सत्यनिष्ठ, अहिंसावादी, एमआई अर्थात् मोरल इन्टेलिजेन्स सम्पन्न, विश्वसनीय, अपरिग्रही (अनावश्यक सम्पत्ति नथुपार्ने), समाजनिष्ठ, सामूहिकता एवं सहकारिताको गुणयुक्त, सहअस्तित्वप्रेमी, प्रकृतिप्रेमी, पर्यावरणप्रेमी, आदर्शवान् । आध्यात्मिक- हृदयवान्, भावनाशील, परानुभूतियुक्त, कर्मशील, कर्मफल विधानको अनुयायी, संस्कारवान्, संकल्पशील, ईश्वरानुरायी, आशक्तिविहीन, न्यायप्रेमी, सर्वप्रिय, प्रेमवान्, दिव्य गुणहरूले युक्त ।

### योगको क्षेत्रमा धमाका

अहिलेको पुस्ता क्रमशः दुर्बल र लक्ष्यहीन हुँदै गइरहेको छ । अहिलेको युगलाई तनाव र डिप्रेसनको युग पनि भन्न थालिएको छ । धनसम्पत्ति र पदप्रतिष्ठाको स्वामी भएकै कारण आजको मान्छे आफूलाई बलवान ठान्ने गर्छ । जबकि उसको स्वामित्वमा रहेको वस्तु हटाइदिने हो भने शरीरबल, मनोबल र आत्मबल नितान्त क्षीण हुँदै गएको अवस्था छ । यस परिप्रेक्ष्यमा अब योगबाहेक अर्को समाधानै देखिँदैन उसको मानसिक नपुंसकता र दुर्वलतालाई निवारण गर्ने । योगमा केवल विरासन र सिंहासनमात्रै गरिँदैन । यसले वीर र सिहंस्वरूपसमेत बन्न सिकाउँछ । अन्यथा योगमा निहीत बलप्रदायक विशेषताको वर्णन योग गुरु अमित राय किन यसरी गर्नुहुन्थ्यो, 'योग केवल केही आसनहरूको पुनरावृत्ति होइन, यो त्यो विद्या हो, जसले हामीभित्र विद्यमान सूक्ष्म ऊर्जा भण्डार खोज्ने र प्रस्फुटित गर्ने काम गर्दछ ।'

धेरैजसो मानिस आज धन र सविधा बटुल्ने अन्तहीन दौडानमा छन् । मान्छेलाई न चैन छ न विश्राम गर्ने समय । आवश्यकता र विलासिताको साधन कमाउने दौडमा जब मान्छे थाक्दछ, वाक्कदिक्क हुन्छ, उसलाई अन्ततः योगको छहारी याद आउँछ । ऊ आउने आखिर योगकै शरणमा हो । चाहे त्यो कालो होस् चाहे गोरो, चाहे त्यो सनातनी होस् । चाहे गैरसनातनी, चाहे त्यो साम्यवादी होस् चाहे अरू कुनै वादी । हाम्रा अन्वेषक पूर्वजहरूले प्रवर्तन गरेको योग, हामी तिनैका सन्ततिहरू भएर पनि योग त्यतिसारो गर्दैनौं । हाम्रो पूर्वीय इतिहाससँग कुनै तालुक नभएका पश्चिमाहरू अहिले योगको क्षेत्रमा धमाका गरिरहेका छन् । के यो योगबलको प्रभाव हैन ?

तपाई हामीमध्ये कतिपयको योग सुरु गरौंला भन्दाभन्दै वर्षौं बितेर गएको छ । ती पश्चिमाहरू भने 'योग गरौं आजैदेखि' भन्ने नारा बोकेर दिनैपिच्छे लाखौं मान्छेलाई योगसँग जोडिरहेका छन् । जहाँजहाँ योग विषयक उत्सव, महोत्सव, कार्यशाला र कुम्भमेला हुने गर्छ गोरो छाला भएकाको संख्या ठूलो हुने गर्दछ । यसैले उनीहरू भौतिकताको विलासिताबाट अघाएर अब योगसाधनाको मार्ग खोजिरहेका छन् ।

संयुक्त राज्य अमेरिकामा मात्रै योग क्षेत्रमा करोडौं डलरको कारोबार भइरहेको छ । अमेरिकामा एक लाख बढी दर्तावाल योग शिक्षक कार्यरत छन् । महँगा सहरहरूमा महँगा किसिमका योगा स्टुडियो, लाइफस्टाइल क्लिनिक, योगा पार्लर, योगा सेनिटोरियम र योगा क्लबहरू धमाधम खुलिरहेका छन् । योगबलका बारेमा यसरी बहुआयामिक व्याख्या गर्नुको उद्देश्य यो आलेख पढ्दै गर्ने तपाईंलाई योगशैलीको पारखी बन्न प्रेरित गर्नु हो । योग गर्न कुनै थप योग्यता चाहिँदैन र तपाई नै यसको उत्कृष्ट पात्र हुनुहुन्छ ।

### आफैं रोजौं उत्तम योगपथ

'योग' को विषयलाई आज कतिपय योग गुरुले धेरै जटिल बनाइदिएका छन् । आम जनधारणा कस्तो छ भने योग भनेको रोग लागेपछि गर्ने, सेवानिवृत्त भएपछि गर्ने या काम नभएकाले गर्ने भन्ने परेको छ । अर्कोतिर भेषधारी, वैरागी, गृहत्यागी, जटाधारी, अकर्मण्यहरूले हिँड्ने बाटो हो भन्ने पनि छ । यस्ता भ्रान्तिहरूका बीच एउटा योगानुरागी तप्काचाहिँ हठयोगप्रधान आसन प्राणायामचाहिँ हामीले पनि गर्न हुने रहेछ भनेर त्यसमा लागिरहेको छ । आधुनिक भोगवादी पुस्ताको बहुसंख्यक मान्छे योगलाई अझै पनि जीवनको गैरविषयवस्तु सम्झन्छ । जबकि योग सबैका लागि र प्रत्येक मनुष्यका लागि हो । मनुष्य चोलामा जन्म लिनु नै योगको सार्वभौमिक योग्यता हो ।

'योग' को विषयलाई आज कतिपय योग गुरूले धेरै जटिल बनाइदिएका छन् । आम जनधारणा कस्तो छ भने योग भनेको रोग लागेपछि गर्ने, सेवानिवृत्त भएपछि गर्ने या काम नभएकाले गर्ने भन्ने परेको छ । अर्कोतिर भेषधारी, वैरागी, गृहत्यागी, जटाधारी, अकर्मण्यहरूले हिँड्ने बाटो हो भन्ने पनि छ । यस्ता भ्रान्तिहरूका बीच एउटा योगानुरागी तप्काचाहिँ हठयोगप्रधान आसन प्राणायामचाहिँ हामीले पनि गर्न हुने रहेछ भनेर त्यसमा लागिरहेको छ । आधुनिक भोगवादी पुस्ताको बहुसंख्यक मान्छे योगलाई अझै पनि जीवनको गैरविषयवस्तु सम्झन्छ । जबकि योग सबैका लागि र प्रत्येक मनुष्यका लागि हो । मनुष्य चोलामा जन्म लिनु नै योगको सार्वभौमिक योग्यता हो ।

युगऋषि आचार्य श्रीराम शर्माले भन्नुभएको छ, 'यस्तो सुगम मार्गलाई पनि आज मान्छेले दुर्गम मानेर बसेका छन् । योग गर्नलाई 'मन' भए पुग्छ । मनमा तत्परता र तन्मयता छ भने योग जसले पनि गर्न सक्छ । यो कुनै पनि हालतमा कठिन छैन । आफ्नै हातको खेल हो । तर साहस र श्रद्धाचाहिँ चाहिन्छ ।'

योगबाट हरेक व्यक्ति लाभान्वित हुनसक्छ । पेसा, काम, जातजाति, लिंग, धर्म र भाषाले रोक्दैन । तपाई आफ्नो व्यक्तित्व, अभिरुचि, आन्तरिक संस्कार र क्षमताअनुसार जुन योगपथ रुचाउनु हुन्छ, त्यसमा अग्रसर हुनुहोस् तर आजैबाट । यसै पनि यस वर्षको नारा पनि 'योगा फर सेल्फ एण्ड सोसाइटी' अर्थात् स्व र स्व-समाजका लागि योग रहेको छ । *रासस*

*(लेखक मानव चेतना एवं योग विज्ञानका प्रशिक्षक हुन्)*

## मननयोग्य

### चाणक्य नीति

पुण्डरीकाक्षले भने- 'यी बालक ज्ञान आर्जन गर्न मगध देशबाट आएका हुन् । यिनको बुद्धिको प्रशंसा मेरा एक मित्रले चिठीमा गरेका छन सामान्य व्यक्तिले धेरै प्रयत्न गर्दा पनि नपाउने ज्ञान यिनले पाएका छन् यस्ता कुरा सुनी कुलपतिले अभिभूत भएर भने बिहानै विद्यालय आउन विश्वविद्यालयलाई तिमीजस्तो प्रतिभावान्को आवश्यकता छ । कसरी विष्णुगुप्तले पुण्डरीकाक्ष र कुलपतिका कृपाले विश्वविद्यालयमा प्रवेश पाए ।

समय बित्दै गयो, धेरै वसन्त आए गए । कति पात झरे, पलाए । पूरा निष्ठा र लगनले अध्ययन गर्न लागे विष्णुगुप्त । अध्ययन गर्दै जाँदा पारे समयमा नै उनको बुद्धिमत्ताका कारण सहपाठीहरूमा र आचार्यका दृष्टिमा आफ्नो स्थान उच्च बनाए। पढाउँदा पनि गुरुले विष्णुगुप्तको उपमा दिएर पढाउन लागे । पहिलो प्राथमिकता उनीहरूको हो, तर पनि प्रतिभाको तिरस्कारचाहिँ होइन, कुलपतिजी तिम्रा प्रतिभाले प्रभावित भएमा तिम्रो प्रवेश निश्चित छ, म पनि यसमा धेरै प्रयास गर्नेछु, बिहानै कुलपतिलाई भेटौंला, विश्राम गर ।

'विष्णुगुप्त ! म विहान घुम्न निस्कन्छु, म चाहन्छु तिमी पनि हिंड, कुलपतिजी पनि सधै निस्कनुहुन्छ, त्यही भेट हुन्छ । यसरी आचार्यको आज्ञा पाउनुभन्दा अगाडि विष्णुगुप्तले आफ्नो नित्यकर्म पूरा गरी आँगन सम्पूर्ण सफा गरिसकेका थिए । अनि आचार्यसँग विष्णुगुप्त भ्रमणमा निस्किए । नही किनारमा कुलपतिसँग भेट भयो ।

नजिकै आइपुगेपछि विष्णुगुप्तले साष्टाङ्ग दण्डवत गरेर पाठको धूलो निधारमा लगाए । आचार्यसँग कुलपतिको वार्तापछि जिज्ञासु दृष्टिले विष्णुगुप्ततिर हेरे । पुण्डरीकक्षले जवाफ दिनुभन्दा पहिले विष्णुगुप्तले भने- 'आफ्नो असीम जिज्ञासा शान्त गर्न यो अनाथ विष्णुगुप्त आचार्य पुण्डरीकाक्षमार्फत हजुरका शरणमा आएको छ । यस्तो स्पष्ट र ओजस्वी उत्तर पाएर कुलपतिले आर्शीवाद दिँदै भने- 'योग्यजस्ता छौ, कहाँबाट आयो ?'

क्रमशः

## पत्र-मञ्जुषा

# गृहमन्त्रीज्यू ! बोलेर होइन, काम गरेर देखाउनूस्

नेपालीमा एउटा चर्चित उखान छ- भोक्ने कुकुरले टोक्दैन, टोक्ने कुकुरले भुक्दैन । यसको अर्थ काम गर्नलाई दुनियाँलाई सुनाइरहन आवश्यक छैन । चुपचाप काम गर्न सकिन्छ । काम गरेको नतिजा त जनताले देखिहाल्छन् । छिमेकी होस् या अन्य मुलुक उनीहरूको हरेक निर्णय गुमसुममै हुन्छ ।

उनीहरू बोल्नभन्दा पनि काम गर्नमा बढी विश्वास राख्छन् । त्यसैले त उनीहरूको देशले विकासमा फड्को मारिरहेको छ, जनताले सुःख पाएका छन् । भारतकै एउटा उदाहरण नै यसका लागि काफी छ । २०७३ सालमा भारत सरकारले कसैले सुइँको नपाउनेगरी ५०० र एक हजारको नोटमा प्रतिबन्ध लगाइदियो । पछि मात्र सञ्चारकर्मी र जनताले थाहा पाए । तर, नेपालका नेताहरूको पेटमा केही टिक्दैन । मन्त्रिपरिषद्को बैठक बस्नुअगावै सबै छताछुल्ल भइसकेको हुन्छ । उनीहरूले माफियाहरूलाई पहिले नै सूचित गराएका हुन् कि ? यो निर्णय हुँदै छ छ है, रोक्न चाहन्छौं भनेर पैसा लिएर आऊ भन्न खोजेझैं देखिन्छ ।

माफियाहरूले त आफूलाई घाटा हुने निर्णय हुनै दिँदैनन् । पैसा खान दिएर हुन्छ कि भन्सुन गरेर रोकिदिन्छन् । पहिले एउटा गोप्य निर्णय भएको थियो । त्योबाहेक कुनै निर्णय गोप्यरूपमा भएको छैन । गृहमन्त्री हुँदा वामदेव गौतमले कसैले थाहा नपाउनेगरी आइजिपी अच्युतकृष्ण खरेललाई पदमुक्त गरेका थिए । उनको सामसुम सो प्रस्ताव मन्त्रिपरिषद्मा लगेर स्वीकृत गर्न लगाएका हुन् । वर्तमान गृहमन्त्री रवि लामिछाने जतिबेला पनि फाइल खोल्छु भन्छन् । उनले भन्न जानेको यतिमात्र हो । पद सम्हालेदेखि उनको मुखबाट एउटै बोली निस्किरहेको छ । तर, बोलीमै सीमित भएको देखिन्छ ।

गृहमन्त्री लामिछानेले वर्तमान आइजिपी वसन्त कुँवरलाई हटाउन खोजेको चर्चा छ । यता, प्रधानमन्त्री पुष्पकमल दाहालले यस विषयमा स्पष्टीकरण दिइसकेका छन् । उनले एउटा सार्वजनिक कार्यक्रममा आइजिपी कुँवर फेर्न सम्भव नरहेको जनाएको छ । प्रधानमन्त्रीले त्यो बोल्ने शब्द हो ? गृहमन्त्रीले पनि ढिन्ढौरा पिट्नुभन्दा अगाडि मन्त्रिपरिषद्मा प्रस्ताव लैजानुपर्थ्यो । के कारणलेचाहिँ आइजिपी हटाउने ? देखाउन सक्नुपऱ्यो । फेरि गृहमन्त्रीले चाहेर मात्र पनि आइजिपी हट्दैन । सबैबीच छलफल हुन्छ । उनले गरेका काम हेरिन्छ, काम गर्ने क्षमता हेरिन्छ । अनि निर्णय लिइन्छ । तर, यहाँ त पहिले नै मैले यो गर्न लागेको भनेर फुकिसक्छन् । अनि त्यस विषयमा टिकाटिप्पणी सुरु हुन्छ । एउटाले यो भन्छन्, अर्कोले त्यो । अनि कार्यान्वयनमा जाने त कल्पनाबाहिरकै विषय बन्छ । धेरै निर्णय यसरी नै तुहिएका छन् । व्यक्ति होइन्, उसको काम गर्ने क्षमता हेरौं ।

कुनै निर्णय गर्दा त्यसले राष्ट्र र जनतालाई कति फाइदा हुन्छ ? त्यो मनन गर्न सिकौं । अदालतले बालमन्दिरको जग्गा हिनामिना गर्नेहरूविरुद्ध पक्राउ पुर्जी जारी गरेको महिनादिन नाघिसक्यो । तर, प्रहरीले कसैलाई पक्राउ गरेको छैन । एउटालाई समातेको थियो, त्यो पनि छोडिदियो ।

यस्तो पाराले हुन्छ ? अदालत पक्राउ पूर्जी जारी गर्ने, प्रहरी थमाइदिने । अदालत माथि कि प्रहरी ? राष्ट्रिय स्वतन्त्र पार्टीबाट चार जना मन्त्री छन् । शिक्षामन्त्री सुमना श्रेष्ठ र श्रममन्त्री डिपी अर्यालको अहिले सबैतिर 'हाइहाई' छ । किनकि उनीहरूले काम गरिरहेका छन् । तर, पार्टी सभापतिसमेत रहेका गृहमन्त्री लामिछाने र खेलकुदमन्त्री विराजभक्त श्रेष्ठ काम गर्दैनन्, खल्तीमा राजीनामा पत्र बोकेर हिँडेको छु मात्र भन्छन् । जनताको आँखामा छारो हाल्ने पनि हद हुन्छ नि ! जनताले उनीहरूले केही काम गरेको देखेका छैनन् । त्यसैले राजीनामा दिन ढिलाइ भइसकेको छ ।

गृहमन्त्री लामिछाने जतिबेला पनि हामीलाई काम नै गर्न दिएनन् भनिरहेका हुन्छन् । ल उनले कतिवटा प्रस्ताव मन्त्रिपरिषद्मा लगेछन् ? त्यसको जवाफ दिनुपऱ्यो । त्योमध्ये कतिवटा फेल र पास भए ? यो पनि सार्वजनिक गरिनुपऱ्यो । अनि त्यसपछि मलाई काम गर्न दिइएन भन्दा उचित होला ।

प्रस्ताव नै नलैजाने अनि हामीलाई काम गर्न दिएन भनेर बोल्न मिल्छ ? त्यो पनि मन्त्रीजस्तो व्यक्तिले । काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र 'बालेन' साहलाई आज देश-विदेशले चिन्छ ? उनको अनुहार हेरेर देश-विदेशले मनपराएको हो ? होइन । आज सबैतिर बालेनको 'वाहवाही' हुनुको कारण उनको काम हो ।

उनी धेरै बोल्दैनन् । मैले यो गर्न लागेको छु भनेर उनी चिच्याइचिच्याइ भन्दैनन् । बालेनले टुकुचा भत्काए । कसैले भत्काउँछन् भन्ने थाहा थियो ? सुइँको नपाउनेगरी डोजर लिएर पुगे । भत्काए, पछि अदालतले रोक्यो । उनको न्युरोड क्षेत्रमा रहेको पार्किङ हटाए । फुटपाथ विस्तार गर्न खोजे ।

त्यसैले बोल्नु ठूलो कुरा होइन्, गर्नु ठूलो कुरा हो । जनतालाई बोल्ने होइन, गर्ने नेतृत्व चाहिएको छ । रास्वपाका चार जना मन्त्रीमध्ये दुई जनाले ताली त दुई जनाले गाली खाइरहेका छन् । यसले के स्पष्ट पार्छ भने जनताले अब पार्टी होइन, काम गर्ने नेतृत्व खोजिरहेका छन् ।

**– अनुसा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**अरूण नदीको बहाव बढ्दा...** | संखुवासभा र भोजपुर जिल्लाको सिमाना भएर बहने अरूण नदीमा जलसतह बढ्नाले सवारीसाधन वारपार गर्न चलाइँदै आएको फेरी बन्द भएपछि सतिघाटको झोलुंगे पुलबाट सामान ओसार्दै स्थानीय मजदुर । पक्की पुल नबनेकाले अरूण नदीमा पानीको सतह बढेपछि जेठ महिनाको अन्तिम सातादेखि फेरी सञ्चालन बन्द गरिएको हो । *तस्बिरः सुजन बज्राचार्य/रासस*

# पोखरामा 'राइड सेयरिङ' सञ्चालनमा रोक

**गण्डकी–** कास्कीको पोखरामा अनधिकृतरूपमा 'एप'मार्फत 'राइड सेयरिङ' गरी यात्रु बोक्ने कार्य तत्कालका लागि बन्द गरिएको छ । यातायात व्यवस्था कार्यालय कास्कीले उक्त एपमार्फत यात्रु ओसारपसार गर्ने कार्य तुरुन्त बन्द गर्न शुक्रबार सार्वजनिक सूचना जारी गरेको हो ।

सूचनाको अटेर गरी यात्रु बोक्ने कार्य जारी राखेमा यसमा संलग्नलाई कारबाही गरिने सूचनामा उल्लेख छ । यातायात व्यवस्था कार्यालय (सवारी) पोखराका प्रमुख डिल्लीराम रिजालले कानुनविपरीत निजी सवारीसाधनले 'राइड सेयरिङ' सेवा सञ्चालन गरिरहेको पाइएकाले त्यसलाई रोक लगाइएको बताए । 'अनधिकृतरूपमा एपको प्रयोग गरी यात्रु बोकेमा सवारी तथा यातायात व्यवस्था ऐनअनुसार कारबाही हुन्छ,' उनले भने, 'प्रकाशित सूचनाअनुसार काम भए नभएको बारेमा प्रहरीको सहयोगमा कडाइका साथ अनुगमन गर्छौं ।'

गण्डकी प्रदेशमा 'राइड सेयरिङ' एपमार्फत हुने यातायात सेवालाई वैधानिक बनाउन सवारी तथा यातायात व्यवस्था नियमावली-२०८० मा व्यवस्था भए पनि नियमनका लागि कार्यविधि भने बनेको छैन । नियमावलीमा निजी प्रयोजनका लागि दर्ता प्रमाणपत्र प्राप्त चार पांग्रे तथा दुई पांग्रे सवारीसाधनले यात्रु बिमासहित तोकिएको प्रक्रिया पूरा गरेर यात्रु बोक्न पाउने व्यवस्था छ ।

साथै यातायात कार्यालयले नै सार्वजनिक सवारीका लागि भाडादर तोक्ने गर्छ । तर हाल सञ्चालनमा रहेका इन्ड्राइभलगायतका निजी सवारीसाधनले भने आफैं एप बनाएर भाडादर आफैं लागू गर्ने गरेका छन्, तर कानुनअनुसार यस्तो कार्य अवैध हो ।

'नियमवली बनेपछि मापदण्ड नबन्दा गण्डकी प्रदेशमा राइड सेयरिङ सेवालाई नियमन गर्न सकिएको छैन,' कार्यालय प्रमुख रिजालले भने, 'अहिले यातायात कार्यालयको अनुमतिसमेत नलिई आफूखुसी एपमार्फत यात्रु ओसार पसार गर्ने कार्य भइरहेको छ, आफैं भाडा तोकेर सञ्चालन भएको छ । यातायात कार्यालयले समायोजन गर्ने गरेको भाडाबमोजिम छ कि छैन भनेर पनि निजी सवारीसाधनले हेर्ने गरेका छैनन् । गण्डकी प्रदेशमा राइड सेयरिङ सेवा गैरकानुनी छ ।'

मापदण्ड र कार्यविधि बनेपछि मात्र निजी सवारीसाधन 'राइड सेयरिङ'मा दर्ता हुन पाउने छन् । मोबाइल एपको प्रयोगमार्फत यातायात सेवा लिन सकिने 'राइड सेयरिङ'हरू पोखरामा यात्रु भने बढ्दै छन् । यहाँ यी सवारीसाधन लोकप्रिय बन्दै गएका भए पनि नियमन गर्न र वैधानिक बनाउन भने सकिएको छैन । नेपालमा पठाओ, टुटल, सहारा, इनड्राइभ, सजिलो, ट्याक्सिमान्डु, क्याब ट्याक्सीलगायत राइड सेयरिङ एप सञ्चालनमा छन् ।

गण्डकी प्रदेशको राजधानी पोखरामा कम्पनी रजिस्ट्रारको कार्यालय तथा उद्योग विभागमा दर्ता भएको इनड्राइभलगायत 'राइड सेयरिङ' चलिरहेको छ । यातायातसम्बन्धी कानुनअनुसार यसले गण्डकीमा हालसम्म वैधानिकता पाएको छैन । 'राइड सेयरिङ' सेवाका लागि दुई पांग्रे सवारीसाधन दर्ता गर्न २५ हजार रूपैयाँ र नवीकरण शुल्क प्रतिवर्ष १२ हजार ५०० रूपैयाँ तोकिएको छ । चार पांग्रे सवारीसाधनको दर्ता तथा अनुमति शुल्क ५० हजार रूपैयाँ र नवीकरण शुल्क २५ हजार रूपैयाँ कायम गरिएको छ । दुई पांग्रे र चार पांग्रेको दर्ता अनुमतिका लागि ७० हजार रूपैयाँ र वार्षिक नवीकरण ३५ हजार रूपैयाँ तोकिएको छ । सार्वजनिक यातायात क्षेत्रमा यात्रु ठगिने र दुःख पाउने अवस्थाको अन्त्यका लागि 'राइड सेयरिङ'लाई वैधानिकता दिनुपर्ने माग हुँदै आएकाले राइड सेयरिङ एपहरूको नियन्त्रण र व्यवस्थापन जरुरी रहेको बताइएको छ ।

यातायात व्यवसायी महासंघ गण्डकी प्रदेशका संयोजक केदार पौडेलले राइड सेयरिङ सेवालाई कानुनको दायरामा ल्याउनुपर्ने बताए । 'जसलाई मन लाग्यो उसैले एप राखेर यात्रु बोक्न पाइँदैन, सरकारले नियमन गर्नुपर्छ,' उनले भने, 'निजी सवारीसाधनले आफूखुसी यात्रु बोकेपछि सार्वजनिक यातायात किन चाहियो ?' *रासस*

# 'मधेसमा जतातत्तै सपेताः पानी बेपत्ता'

■ **गोपालप्रसाद बराल**

**महोत्तरी–** मधेसका धेरैजसो ठाउँमा घुर्‍यानदेखि खेतबारीका आलीमा इक्युलिप्टिस वनस्पति लगाइएका देखिन्छन् । करिब चार दशक पहिलेदेखि खोजीखोजी लगाइएको यो वनस्पतिले जग्गा रुखो बनाउने र आसपासमा पानीका स्रोत सुक्न थालेका भन्दै अहिले विरोध गर्न थालिएको छ । यो वनस्पतिलाई मधेसमा बोलीचालीमा सपेता, भिक्स र मसाला पनि भनिन्छ । पहिले खोजीखोजी यो वनस्पति लगाउनेहरूले नै अहिले पानीका स्रोत सुक्न थालेको भन्दै विरोध गर्न थालेका हुन् ।

'बौवा, अई ठाम कइटा भूल छल, जहिया स मसाला रोपाक हुर्कैत गेला एम्भर सब भूल सुखागेल (बाबु, यहाँ कति जरुवा पानीका मूल थिए, रोपिएका मसालाका रुख हुर्कदै गएपछि जरुवाका मूल सबै सुके),' आफ्नो बस्तीको पुरानो बडहरी जलाधार भएको ठाउँ देखाउँदै महोत्तरीको भंगाहा-४ रामनगरका ७० वर्षीय शेष जव्वार भन्छन्, 'आब जल्दी यी नइ हटाओल गेल त पियवाला पाइन आब नई भेटत (अब चाँडै यो हटाइएन भने केही दिनपछि खानेपानी भेटिने छैन) ।'

जव्वारमात्र होइन यहाँका धेरैले मधेसमा पानीको संकटका धेरै कारणमध्ये एक मसाला पनि रहेको बताउन थालेका छन् । आफ्ना बस्तीका जोकाहा, भुताहा, झिल, टोका, पलारसहितका कयौं जरुवा पानीका मूल देख्दादेख्दै सुकेका भंगाहा-४ कै ८० वर्षीय चौठी बाँतर बताउँछन् । 'पानीका मूल सुक्ने अरू कारण पनि होलान्, यो पढेलेखेकाहरूले बताउलान् तर एउटा कारणचाहिँ यो मसलाको रुख नै हो,' उनले भने ।

मधेसमा केही दशक पहिले स्थानीयलाई आयआर्जनमा प्रोत्साहित गर्न वनसम्बद्ध निकाय र विभिन्न संघसंस्थाले 'आइरआइरमें सपेता, गरिबी सब बेपत्ता' (आलीआलीमा सपेता : गरिबी सबै बेपत्ता) भन्दै यो वनस्पति रोप्ने लहर नै चलेको थियो । सुरूमा वि.सं. २०४० को दशकमा महोत्तरीसहितका चारकोसे झाडीभित्रको पूर्व-पश्चिम राजमार्गदेखि दक्षिण भागमा सरकारी निकायले नै साल, कर्मासहितका रुख कटाएर मसाला रोपेपछि यो अमूल्य चिज नै हो भन्ने आममान्छेमा परेको थियो ।

'सरकार आफैंले साखुका रुख ढालेर भिक्स रोप्न लाग्यो, हामीलाई लाग्यो, यो खास चिज हो, देखासिकीले हामीले पनि बिरुवा मगाएर रोप्यौं, आज यही समस्याको कारण बन्यो,' बर्दिबास-१२ बिजलपुराका ७५ वर्षीय रामसुन्दर ठाकुरले भने, 'चारैतिरका इनार, पोखरी र जरुवा पानीका मूल सुके । एक समयमा 'आइरआइरमें सपेता, गरिबी सब बेपत्ता' भन्ने नारा अब जहाँ सपेता, त्यहाँ पानी बेपता भनेजस्तै भएको छ ।'

चाँडै हलक्क बढ्ने हुँदा काठको माग आपूर्तिमा सहज हुने र त्यतिखेर विद्युत् पोल (खाँबा)का लागि पनि उपयोगी हुने अभिप्रायसाथ विदेशबाट झिकाएर रोपण गरिएको थियो । रौतहट, सर्लाही र महोत्तरीसम्म फैलिएको सागरनाथ वन विकास परियोजनाको १३ हजार ५०० हेक्टर क्षेत्रफलमध्ये अधिकांश भागमा २०३५ सालदेखि सरकारले मसाला रोप्न थालेको थियो । त्यही सिको गरेर यस भेगका स्थानीयले घुर्‍यानदेखि खेतबारीसम्म मसाला लगाउन थालेका गौशाला-१० लक्ष्मीनियाँका ७० वर्षीय लक्ष्मीप्रसाद महतो बताउँछन् । कालान्तरमा मसाला वरदान नभएर जमिनमुनिको पानी सोसेर जग्गा मरुभूमि बनाउने अभिशाप बनेको उनको भनाइ छ ।



यस भेगमा अहिले सर्वसाधारणमात्र नभएर स्थानीय तह, सामाजिक संघसंस्था र विज्ञहरू समेत मसालाविरुद्ध जनमत बनाउन र यी रुख हटाएर अन्य बिरुवा रोपण गर्नुपर्ने अभियानमा जोडिएका छन् । धनुषाको धनुषाधाम र मिथिला नगरपालिकाको नगरसभाले त मसाला मास्ने र खाली हुने ठाउँको माटो विज्ञबाट परीक्षण गराइ उपयुक्त बिरुवा रोपण गर्ने औपचारिक निर्णय नै गरिसकेका छन् ।

'जतातत्तै पानीका मुहान सुक्नुमा मसालाको रुख पनि कारण रहेको विज्ञहरूले बताए, त्यसैले पानीको थप संकट बढ्न नदिन मसालाका रुख उखेल्ने निर्णय गरिएको हो । अब माटो परीक्षण गरेरमात्र नयाँ बिरुवा रोपिनेछ,' मिथिलाकी उपप्रमुख सुनितासिंह बुढाथोकीले भनिन् । अब स्थानीयको मागअनुसार मसालाका रुख उखेल्न यान्त्रिक उपकरणको बन्दोबस्त गर्ने तयारी गरिएको बुढाथोकीले जानकारी दिइन् ।

मधेसका खोल्साखोल्सी, इनार, पोखरी, तालतलैया र चापाकल सुक्दै गएर पानीको हाहाकार बढेसँगै यहाँ मसालाका रुखबारे बढेको आमधारणासँग विज्ञ पनि सहमत छन् । चुरे तथा जलाधारविज्ञ डा. विजयकुमार सिंह दनुवार पानीका मुहान सुक्नुमा विश्वव्यापी जलवायु परिवर्तनलगायत यस्तै मानवसिर्जित समस्या रहेका बताउँछन् । 'मानव सिर्जित समस्यामा वन विनास, चुरे क्षेत्रको अनियन्त्रित उत्खनन र जलाधारक्षेत्रको अतिक्रमण मुख्य कारण हुन् । मसाला रुख पनि पानीको स्रोतका मुहान सुक्ने कारण भएकोबारे अहिले व्यापक अभिमत बढेको छ,' डा. सिंहले भने । यसबारे थप अध्ययन गर्न आवश्यक रहेको डा. सिंहको भनाइ छ ।

चुरे तथा जलाधारविज्ञ नागदेव यादवले पनि इक्युलिप्टिस पानीका स्रोत सुक्ने कारणमध्ये एक भएको बताए । एउटा वयस्क इक्युलिप्टिसको रुखले दैनिक ८७ लिटर पानी सोस्ने विज्ञबाट पुष्टि भएको उनले बताए । 'पानीका स्रोत सुक्नुका धेरै कारण छन्, यसमध्ये मसालाका रुख मुख्य कारण हुन् । यी रुख जतिसक्यो चाँडो हटाउँदा राम्रै हुन्छ,' उनी भन्छन्,' मसालाको रुखले जमिनमुनिको पानी निकै सोसेपछि पानीको सतह गहिरिँदै गएर संकट बढेकामा धेरै सत्यता छ । यसले उर्वराशक्ति घट्दै गएर उब्जाउ जग्गा पनि बञ्जड बनेका छन् ।'

अमेरिकाको नेसनल लाइब्रेरी अफ मेडिसिनले मसालाका रुखका पातमा एसिडको मात्रा हुने हुँदा माटोको उर्बराशक्ति ह्रास हुने र यसले जमिनमुनिको पानी धेरै सोस्ने निष्कर्ष निकालेको पनि डा. यादवले जानकारी दिए । पारिस्थितिक तथा जैविक प्रणालीको दृष्टिले यो रुखले अरूको अस्तित्व स्वीकार नगरेको स्पष्ट देखिएको हुँदा मधेसबाट यो रुखलाई तत्काल विस्थापित गरिनुपर्ने आवाज बलियो बन्दै गएको उनले बताए । 'मसालाका रुखमा न चराचुरुंगीका गुँड देखिन्छन्, न किरा फट्यांग्रा लाग्छन्,' यादव भन्छन्, 'त्यसैले यो सन्तुलित पर्यावरणको बाधक छ ।'

सन् १९९३ मा संयुक्त राष्ट्रसंघ (युएन) को फुड एण्ड एग्रीकल्चर अर्गनाइजेसनले गरेको अध्ययनमा ४०० मिलिलिटर (एमएल) देखि एक हजार २०० एमएलसम्म वार्षिक वर्षा नहुने ठाउँमा यो रुख लगाउन दिन नहुने सुझाव दिइएको यादवले उल्लेख गरे । मसालाको रुखले अक्सिजन प्रवाहमा पनि खासै योगदान नदिने विज्ञ बताउँछन् । अस्ट्रेलियाका जलवायुविज्ञ एलन रुटले पनि आफ्नो एक आलेखमा यो रुख पानीका स्रोतका लागि प्रतिकूल हुने उल्लेख गरेका छन् । अस्ट्रेलियाको सिमसार र भासिने हिलो भएको ठाउँलाई सुक्खा बनाउन यो रुख लगाइएको उक्त आलेखमा उल्लेख छ । इक्युलिप्टिस अस्ट्रेलियाकै तास्मिनिया टापुमा विकास भएको वनस्पति मानिन्छ ।

अस्ट्रेलिया, ब्राजिल हुँदै संसारका ५० भन्दा बढी देशमा यो रुख लगाइएको विज्ञले बताएका छन् । अस्ट्रेलिया र ब्राजिल दुवै देशका सिमसार क्षेत्रमा यो रुख लगाइएपछि ती ठाउँ सुक्खा भएका जानकारहरू बताउँछन् । नेपाल सरकारका पूर्वसहसचिब रामबहादुर भुजेल विभिन्न अध्ययनले समेत लाभदायी नभएको निष्कर्ष निकालेका रुख मधेसमा ल्याउनु नै गलत भएको भञ्दै अब यसको विकल्प खोज्न जरुरी रहेको बताउँछन् । 'मधेसमा पानीका स्रोत सुकेर निकै समस्या आइसकेको छ । त्यसैमा यहाँ उपयुक्त नहुने रुख रोपेर पानी संकटलाई थप योगदान गर्ने काम भएको छ । अब यसको साटो यहाँको माटो सुहाउँदो अन्य वनस्पति र फलफूल रोपणमा जोड दिन आवश्यक छ,' भुजेलले भने । *रासस*

# जब सभामुख घिमिरेसँग विद्यार्थीले संसदीय मर्यादाको कुरा गरे...

**भक्तपुर–** 'सम्माननीय सभामुखज्यू, संसद्मा माइक तोडफोडलगायत असंसदीय गतिविधि गर्ने, संसद् बैठकमा पूरा समय नबस्ने सांसदलाई कारबाही हुँदैन, शिक्षा विधेयक संसद्बाट कहिले पारित हुन्छ ?,' शनिबार यस्तै प्रश्नबाट घेरिए प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे । भक्तपुरको दुवाकोटस्थित गोल्डेन सुनगाभा इंलिस बोर्डिङ स्कुलले आयोजना गरेको 'गोल्डेन सुनगाभा संसद् अधिवेशन'मा सहभागी यहाँका विद्यार्थीहरूले एकै स्वरमा उनलाई फेरि प्रश्न गरे, 'कानुन बनाउने थलोमा अमर्यादित क्रियाकलाप किन हुन्छन्, अत्यावश्यक कानुन पनि समयमै किन बन्दैनन् ?'

जवाफमा सभामुख घिमिरेले भने, 'संसद्मा अमर्यादित गतिविधि र तोडफोड नगन्यरूपमा मात्रै हुन्छन् ।' यति जवाफले विद्यार्थीको चित्त नबुझेको भेउ पाएपछि थप प्रस्ट पार्दै उनले प्रतिनिधिसभा नियमावलीले संसदीय मर्यादा कायम गराउन आवश्यक प्रबन्ध गरेकाले त्यसमा सांसदहरू प्रतिबद्ध हुनुपर्ने बताए । 'संसद् भवनभित्र सांसदबाट यस्ता गतिविधि भएमा सचेत गराउने, रेकर्डबाट हटाउने, माफी मगाउने, चेतावनी दिने, अटेर गरेर पटकपटक अमर्यादित गतिविधि भए तीन दिनदेखि तीन महिनासम्म सभाबाट निष्काशन गर्ने र जे पनि गर्न खोजे फौजदारी मुद्दा लगाउन सक्ने व्यवस्था नियमावलीमा छ । यसको पालना गर्न आवश्यक छ,' सभामुख घिमिरेले भने ।

यसैगरी शिक्षा विधेयकबारे विद्यार्थीले सोधको जिज्ञासामा उनले विधेयक चाँडै पारित गराउन आफूले समन्वय गरिरहेको बताए । सभामुख घिमिरेले भने, 'शिक्षा विधेयक संसद्मा टेबुल भएर त्यसमाथि छलफल पनि भएको छ, यसलाई थप छलफलका लागि संसद्को शिक्षा समितिमा समेत पठाइएको छ । विधेयक पारित गराउन मैले समन्वय त गरिरहेको छु तर यो बर्खे अधिवेशनमा पास हुने सम्भावना छैन, हिउँदे अधिवेशनमा पक्कै पारित हुने अपेक्षा गरेका छौं ।'

यो प्रसंगलगत्तै फेरि विद्यार्थीले सोधे, 'कक्षा १२ को अध्ययन सकिनेबित्तिकै विदेशिने क्रम रोक्न के व्यवस्था गर्न सकिन्छ होला ?' जवाफमा सभामुख घिमिरेले देशमा बढ्दो बेरोजगार समस्या चुनौतीका रूपमा रहे पनि राज्यले यही केही गर्न सक्ने वातावरण सृजना र सर्वसुलभ तथा गुणस्तरीय शिक्षाका लागि काम गर्नुपर्नेमा जोड दिए । 'राज्यले यही देशमा केही गर्ने व्यवस्था गर्नुपर्छ र विद्यार्थीले पनि देशको अर्थतन्त्र बलियो बनाउन आफ्नै देशमा केही गर्छु भन्ने भावनाको विकास गर्न आवश्यक छ । मेरो देश मेरो जिम्मेवारी हो भन्ने ठानेर यही काम गर्ने र विदेसिएकाले पनि उताबाट पढाइ सकेर आफ्नै देशमा केही गर्छु भनेर फर्कनुपर्छ,' उनले भने ।

सभामुख घिमिरेले विसं २०७५ सालमा बालअधिकारसम्बन्धी कानुन पास भएको चर्चा गर्दै बालअधिकारलाई तीन तहकै सरकारले कार्यान्वयनमा ल्याइसकेको पनि जानकारी गराएका थिए । विद्यार्थीले सामाजिक शिक्षाअन्तर्गत शनिबार सञ्चालन संसद्को अभ्यास गरेका थिए । सत्ता पक्ष र प्रतिपक्षको भूमिकामा रहेका विद्यार्थीले सभामुख घिमिरेलाई विभिन्न प्रश्न गरेका थिए ।

सभामा कक्षा १० की छात्रा सुस्मिता शाहीले सभामुख, कक्षा ६ की संस्कृति थापाले प्रधानमन्त्री र कक्षा ७ का रिसभचन्द्र गौतमले शिक्षामन्त्रीको भूमिका निर्वाह गरेका थिए । उनीहरूले सत्तापक्ष र प्रतिपक्षको रोहमा रहेका ३० जना सांसदले गरेका प्रश्नको जवाफ दिएका थिए । संसद्मा मर्यादापालकको रूपमा तालिमप्राप्त नेपाल स्काउटका विद्यार्थीले भूमिका निर्वाह गरेका विद्यालयका प्रधानाध्यापक महेशचन्द्र गौतमले जानकारी दिए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लीलानाथ निरौलाले विद्यार्थीले सामाजिक शिक्षा विषयको पाठचक्रममा आधारित रहेर संसद्को अभ्यास गरेको बताए । यसबाट विद्यार्थीको नेतृत्व विकासमा योगदान पुग्नुका साथै जिज्ञासा मेटाउन सहयोग पुगेको उनले बताए । *रासस*


## तरङ्ग पेपर प्रोडक्ट्स (प्रा. लि.)
### (लिक्वीडेशन)
### सम्बन्धमा हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी ऐन २०६३ वमोजिम मितिः २०७४-१२-३० मा दर्ता भएको प्रा.लि.नं. १८७६१४ को जय तरङ्ग पेपर प्रोडक्ट्स (प्रा. लि.) लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मितिः २०८१।०२।२९ गतेको विशेष साधारणसभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धीत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लक्वीडेटर
**श्री शेर वहादुर रोकाया**
इजाजत पत्र नं. २८७
फोनः ९८५११६३७२३

## टाइगर फुड पोडक्टस एण्ड प्याकेजिङ्ग (प्रा. लि.)
### (लिक्वीडेशन)
### सम्बन्धमा हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी ऐन २०६३ वमोजिम मितिः २०७९-०६-०७ मा दर्ता भएको प्रा.लि.नं. २९९९६९ को टाइगर फुड पोडक्टस एण्ड प्याकेजिङ्ग (प्रा. लि.) लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मितिः २०८१।०२।२९ गतेको विशेष साधारणसभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धीत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लक्वीडेटर
**श्री शेर वहादुर रोकाया**
इजाजत पत्र नं. २८७
फोनः ९८५११६३७२३

प्रभाव दैनिक

आइतबार ०९, असार २०८१ (Sunday, June 23, 2024)

रूपशाला

### 'घरज्वाइँ'को नयाँ गीत 'बिन्जुरी' सार्वजनिक

अभिनेता दयाहाङ राई र अभिनेत्री मिरूना मगर अभिनीत 'घरज्वाइँ'ले नयाँ गीत 'बिन्जुरी' सार्वजनिक गरेको छ । एसडी योगीको सङ्गीत रहेको गीतमा राम अविरल बिस्टको शब्द तथा सङ्गीतकार योगीको स्वर रहेको छ । प्रेमिल शैलीको यो गीतमा दयाहाङको मिरूनाप्रतिको प्रेम आकर्षणलाई महशुष गर्न सकिन्छ। गीतमा मिरूनालाई 'बिन्जुरी'का रूपमा सम्बोधन गरिएको छ। बिन्जुरीको अर्थ फूल हो । अनिल बुढामगरले निर्देशन गरेको फिल्म असार २८ गते रिलिज हुँदैछ। जिएम मूभीज र एबीएम सिनेमा प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्मका निर्माता जनक घर्ती मगर हुन् ।



# घनश्याम कँडेलको साहित्यसाधना बजारमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्राध्यापक घनश्याम कँडेलको जीवनी, व्यक्तित्व, कृतित्व आधारित 'घनश्याम कँडेलको साहित्यसाधना' शीर्षकको ग्रन्थ सार्वजनिक गरिएको छ। राजधानीमा शनिबार आयोजित एक कार्यक्रममा ग्रन्थको लोकार्पण गरिएको हो ।

जीवनवृत्तमा घनश्याम कँडेल, परिवार र स्वजनका दृष्टिमा घनश्याम कँडेल, समालोचनामा घनश्याम कँडेल, अन्तर्वार्तामा घनश्याम कँडेल, भूमिकाहरूमा घनश्याम कँडेल, घनश्याम कँडेलका आफ्ना भनाइहरू, घनश्याम कँडेलका दृष्टिमा विशिष्ट समालोचकहरू, सम्मान तथा तस्बिरमा घनश्याम कँडेल जस्ता शीर्षकहरू छन् । ग्रन्थको सम्पादन डा. यज्ञेश्वर निरौलाले गरेका हुन् ।

वरिष्ठ समालोचक प्राध्यापक डा. वासुदेव त्रिपाठीको प्रमुख आतिथ्यमा भएको लोकार्पण कार्यक्रममा ग्रन्थमाथि समालोचक प्रा.डा. रामप्रसाद ज्ञवाली र गीता त्रिपाठीले समीक्षात्मक मन्तव्य गरेका थिए । यसैगरी नेपाल प्रज्ञाप्रतिष्ठानका पूर्वकुलपति गंगाप्रसाद उप्रेती, कवि देवी नेपाल, समालोचक पशुपति नेउपाने, सम्पादक निरौला लगायतले कँडेलको बहुआयामिक व्यक्तित्वबारे प्रकाश पारेका थिए। त्रिवि नेपाली केन्द्रीय विभागबाट सेवा निवृत्त कँडेलका सिर्जना र समालोचना गरी १४ वटा कृति प्रकाशित छन् ।

अंग्रेजी, नेपाली र संस्कृत भाषाको गहन अध्येता कँडेलले आधा दर्जन खण्डकाव्य लेखेका छन्। तीमध्ये 'धृतराष्ट्र' खण्डकाव्यले २०७३ सालको मदन पुरस्कार पाएको थियो। केही अन्वेषण : केही विश्लेषण, पाश्चात्य यथार्थादी नाटक, स्वच्छन्द विचरण कँडेलका समालोचनात्मक कृति हुन् ।

# '१२औं नेपाल अफ्रिका चलचित्र महोत्सव २०२४' काठमाडौंमा सुरु

■ प्रभाव संवाददाता



**काठमाडौं–** बिगत १३ वर्षदेखि आयोजना हुँदै आएको 'नेपाल अफ्रिका चलचित्र महोत्सव २०२४'को १२औं संस्करण सुरू भएको छ। कलेज अफ जर्नालिजम एण्ड मास कम्युनिकेशन र विलक्षण क्रियसनको आयोजना तथा चलचित्र विकाश बोर्डका सह आयोजनामा शुक्रबार बिहानबाट चलचित्र प्रदर्शनसँगै काठमाडौं सुन्धारास्थित सिने डी सेफ चलचित्र भवनमा सुरु भएको हो । यो महोत्सब शुक्रबारबाट ९ असारसम्म तीन दिन चल्ने छ ।

शुक्रबार बिहानै अफ्रिकाको चलचित्र प्रदर्शनसँगै शुरु भएको यो महोत्सबको औपचारिक उद्घाटन समारोहका प्रमुख अतिथि अभिनेता शिव श्रेष्ठलगायतले महोत्सबको बुकलेट बिमोचनबाट गरेका थिए । उद्घाटन समारोहमा महोत्सब समारोहमा सहभागी चलचित्रलाई प्रमाणपत्र वितरणसँगै केही व्यक्तिहरूलाई सम्मान समेत गरियो ।

कार्यक्रममा बोल्दै अभिनेता शिब श्रेष्ठले यस्ता गतिविधधमा चलचित्र क्षेत्रसँग जोडिएका सरोकारवाला संस्थाले सहकार्य गर्नुपर्नेमा जोड दिए । उनले भने,'यस्ता महोत्सवले हामीलाई विदेशी चलचित्रकर्मीको शैली र समाजसँग साक्षात्कार गराउँछ । त्यसकारण यसमा सहकार्य र सहयोग गर्नु चलचित्रकर्मीको दायित्व हो । मेरो चलचित्र यसमा किन परेन भन्ने महसुश भएको छ ।'

महोत्सवमा १० देशका २८ चलचित्र, वृतचित्र र लघु चलचित्र प्रदर्शन हुँदैछन् । महोत्सवमा नेपालबाहेक साउथ अफ्रिका, इजिप्ट, तान्जानिया, टर्की, मोजाम्बिया, जिम्बाबे, क्यामरुन, मोरिसस, जमैकालगायत देशका आठ चलचित्र प्रदर्शन हुने महोत्सवकी अध्यक्ष डा. मञ्जु मिश्रले जानकारी गराएकी छिन् ।

उद्घाटन समारोहमा सबैलाई स्वागत गर्दै महोत्सब निर्देशक डब्बु क्षत्रीले नेपालमा अन्तर्राष्ट्रियस्तरको चलचित्र महोत्सव हुनुपर्छ भन्ने आवश्यकता महसुश गरेर यो महोत्सब सुरुआत गरेको बताए । महोत्सबमा राज्य पक्षबाट असहयोग हुने गरेको, महोत्सबमा निशुल्क देखाईने चलचित्रलाई समेत सेन्सर बोर्डले प्रदर्शनीको लागि अनुमति नदिने गरेको र राज्यले महोत्सबको लागि बजेट पटक्कै नछुट्याएको उनले बताए । महोत्सबबारे क्षत्रले भने,'आज १२ औं संस्करणमा आइपुगेका छौं । यस्ता महोत्सवले हामीलाई विभिन्न देशबारे बुझ्न मद्दत गर्छ । नेपाल र अफ्रिकाको संस्कृति आदनप्रदानसँगै चलचित्रबाट दुई फरक महाद्वीपलाई जोड्ने उद्देश्यले महोत्सव आयोजना गरिरहेका छौं',

महोत्सवमा अभिनेता श्रेष्ठसँगै अभिनेता धिरेन शाक्य, गजित विष्ट, निर्देशक माधवराज खरेल, अभिनेत्री तथा गायिका सरिता भारती लगायत सहभागी थिए । महोत्सवमा विदेशी चलचित्र, लघु चलचित्र र वृतचित्त्तर्फ गणेश पाण्डेको संयोजकत्वमा भारतबाट राहुल वर्मा, बँगलादेशबाट एमडी शाहारिअर कमल, नेपालबाट राजु केसी र रौनकविक्रम कँडेल सदस्य रहेको निर्णायक समिति रहेको छ ।

यस्तै, नेपाली चलचित्र र वृतचित्रतर्फ अभिनेता एवम् नाट्यकर्मी विरेन्द्र हमालको संयोजकत्वमा भेषराज कार्की, कृष्ण रसाल, ओम सुनार सदस्य रहेको निर्णायक समिति रहेको छ । यस्तै, नेपाली लघुचलचित्र र साङ्गीतिक चलचित्रतर्फ हिमाल श्रेष्ठ, प्रतीक्षा काफ्ले र सजिना लामिछाने सदस्य रहेको निर्णायक समिति रहेको छ ।

महोत्सवमा विदेशी चलचित्रतर्फ 'फुल्स', 'द चेस्लर', वृतचित्रतर्फ 'वि ह्याभ नेभर विन किड्स', 'ह्वाईट पोसन' तथा लघु चलचित्रतर्फ 'डाइनिज', 'अफस्प्रिङ', 'सर्भाइभर' र 'इग्नोरेन्स इज अ लाईफस्टाईल' सहभागी छन् । यस्तै, महोत्सवमा नेपालबाट चलचित्र र आदिवासी चलचित्रतर्फ 'सरी मम', 'काँडेतार', 'गोर्खा वारियर', 'सनाखत', 'आफ्नै कर्म', 'लोजिमा' र 'रित', वृतचित्रतर्फ 'जर्नी टु गोक्यो', 'काँचो बायु' र 'चेसिङ द ड्रिम' तथा लघु चलचित्रतर्फ 'सिगरेट', 'आमा', 'ऐना', 'ढुकढुकी', 'घटेरो', 'हे दैव', 'जुत्ता', 'म्यारिज डे', 'मातृत्व' र 'रोटेन ब्लड' सहभागी छन् । महोत्सव अवधिभर चलचित्र प्रदर्शनका साथै चलचित्र कार्यशाला, नेपाली चलचित्रको विषयमा अन्तक्रियालगायतका विभिन्न कार्यक्रम हुने जनाईएको छ ।

महोत्सबमा शुक्रबारबाटै तीन दिनसम्म एमआर्ट थिएटर कपनमा तिन दिनको विशेष अभिनय कार्यशाला पनि चलिरहेको छ ।

रंगशाला

# क्यानडामा हुने ग्लोबल टी–२० मा नेपालका तीन क्रिकेटर खेल्ने



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालका तीन क्रिकेटरले क्यानडामा हुने ग्लोबल टी-२० प्रतियोगिता खेल्ने भएका छन् । जसमा कप्तान रोहित पौडेल, सन्दीप लामिछाने र दिपेन्द्र सिंह ऐरीले ग्लोबल टी- २० खेल्ने भएका हुन् ।

रोहितले टोरन्टो नेशनलबाट खेल्ने छन् भने सन्दीप र दिपेन्द्रले भ्यान्कोभर नाइटसबाट खेल्ने भएका हुन् । गत सिजनमा सन्दीप सुर्रे जागुअर्स र दिपेन्द्र मोन्टरियल टाइगर्सबाट खेलेका थिए ।

यस सिजनको ग्लोबल टी-२० जुलाई २५ देखि अगस्त ११ सम्म क्यानडाको ओन्टारियोमा हुदै छ। यो ग्लोबल टी-२० को चौथो सिजन हो। यस अघि २०१८ मा भ्यान्कोभर नाइट्स, २०१९ मा विनिपेग ह्वाक्स र २०२३ मा मोन्टरियल टाइगर्सले उपाधि जितेका थिए ।

सूर्य नेपाल प्रिमियर गल्फ

# प्रो एमको उपाधि भुवनको टिमलाई

■ प्रभाव संवाददाता




**काठमाडौं–** सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिप अन्तर्गत प्रो एमको उपाधि भुवन नगरकोटीको टिमले १ सय ५७ अंकसहित जितेको छ। गोकर्ण गल्फ क्लबमा स्टेबलफोर्ड फुल ह्यान्डिक्याप फर्म्याटमा भएको प्रतिस्पर्धामा प्रो भुवनले ४१, एमेच्योरहरू विनोद श्रेष्ठले र जयवीर आचार्यले ३९ तथा तारा कार्की चित्रकारले ३८ गरी कुल १५७ स्कोरमा उपाधि जितेको हो ।

१ सय ५१ अंक सहित प्रो जयराम श्रेष्ठको टिम दोस्रो भयो। जयरामले ४०, एमेच्योर इदान्त सिंह साउदले ३८, पवित्र कुमार कार्कीले ३७ र फुर्साङ लामाले ३६ अंक जोडे। प्रो सञ्जय लामाको टिमले १ सय ४२ अंक सहित तेस्रो स्थान प्राप्त गर्‍यो। सञ्जयले ३९ तथा एमेच्योर गल्फरहरू सद्भाव आचार्य र रवीन्द्र तिवारीले ३६ र लीलाजंग कार्कीले ३५ अंक जोडे ।

प्रतियोगितामा महिलातर्फ उत्कृष्ट स्कोरको आधारमा तारा कार्की चित्रकारले उपाधि जितिन् । उनले ३८ अंक बनाएकी थिइन्। प्रतियोगितामा सद्भाव आचार्यले लङगेस्ट ड्राइभ र निशल्य जङ्ग रायमाझीले क्लोजेस्ट टु दी पिनको उपाधि जिते ।

प्रतियोगितामा २५ प्रो सहित कुल १४० खेलाडीको सहभागिता रहेको थियो। विजयी खेलाडीहरूलाई सूर्य नेपाल प्रालिका म्यानेजिङ डाइरेक्टर रवि रायवरम, मार्केटिङ उपाध्यक्ष दिप्रा लाहिरी, पीजीए नेपालका अध्यक्ष रवीन्द्रमान श्रेष्ठ, नेपाल गल्फ संघका अध्यक्ष टासी घले, गोकर्ण गल्फ क्लबका अध्यक्ष सुहृद घिमिरे र क्याप्टेन जोसेफ नाथनले पुरस्कार वितरण गरे। टंकबहादुर कार्कीले होल नम्बर ८ मा होल इन वन गरे ।

शुक्रबार सुवास तामाङले १६ अन्डर २७२ को उत्कृष्ट स्कोरमा सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिपको उपाधि जितेका थिए ।

सुवास प्रो टर्न भएपछि जितेको यो पहिलो उपाधि हो। उनले टुरमा कुल ६ प्रतियोगिता जितिसकेका छन् । भुवन नगरकोटी र नीरज तामाङ १४ अन्डर २७४ मा संयुक्त रूपमा दोस्रो, तथा दिनेश प्रजापति र तोरणविक्रम शाही क्रमशः चौथो र पाँचौं भए ।

सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गत सिजनकै सर्वाधिक ठुलो प्रतियोगिताको पुरस्कार राशि १५ लाख ५० हजार रहेको थियो। प्रतियोगितामा कूल ३७ प्रो तथा ११ एमेच्योर खेलाडीको सहभागिता रहेको थियो ।

# राजपुरालाई हाफ म्याराथनको उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं–** सशस्त्र प्रहरी परिवार महिला संघको २३ औं वार्षिकोत्सवको अवसरमा शनिबार आयोजित 'दोश्रो महिला हाफ म्याराथन प्रतियोगिता २०८१' को उपाधि नेपाल पुलिस क्लवकी राजपुरा पछाईले हात पारेकी छन् । उनले निर्धारित २१.०९८ किमीको दुरी १ घण्टा १९ मिनेटमा पुरा गरी प्रथम भएकी हुन् ।

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले उद्घाटन गरेको प्रतियोगितामा सशस्त्र प्रहरी परिवार महिला संघकी केन्द्रिय अध्यक्ष अनिता लामिछाने अर्याल, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरू, महिला संघका पदाधिकारीहरू, लगायत सशस्त्र प्रहरी बल नेपालका अधिकृत तथा विल्लादार जवानहरूको समेत उपस्थिति रहेको थियो ।

शनिबार बिहान ६: ०० बजे सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयबाट शुरु भई बालाजु चोक, नयाँ बसपार्क, बसुन्धारा, महाराजगंज चोकलाई दायाँ पार्दै त्रिवि शिक्षण अस्पताल, लैनचौर, जमल, घण्टाघर, शहिद गेट, त्रिपुरेश्वर, टेकु, कालिमाटी, रविभवन, कलंकी हुँदै पुनः प्रधान कार्यालयस्थित एपीएफ रंगशाला एक राउण्ड लगाएर समापन भएको थियो ।

प्रतियोगितामा प्रथम हुने नेपाल पुलिस क्लवकी राजपुरा पछाईले १ लाख रूपैयाँ, दोश्रो हुने नेपाल पुलिस क्लवकी राममाया बुढाले १ घण्टा २३ मिनेट १० सेकेण्डमा निर्धारित दुरी पार गरी ७५ हजार रूपैयाँ तथा तेस्रो हुने नेपाल एपीएफ क्लवकी पुष्पा भण्डारीले १ घण्टा २५ मिनेट ४५ सेकेण्डमा पार गरी ५० हजार रूपैयाँ जितेका छन् ।

उपाधी हासिल गर्ने धावकहरूलाई यही असार १७ गते वार्षिकोत्सवमा पुरस्कार तथा प्रमाणपत्र वितरण गरिने कार्यक्रम रहेको सशस्त्र प्रहरीले जनाएको छ ।

# नरेन्द्र र पूर्णलक्ष्मी पहिलो

**काठमाडौं (प्रस)–** नेपाल आर्मीकाद्वय नरेन्द्रसिंह रावत र पूर्णलक्ष्मी न्यौपाने राष्ट्रिय खुला अपहिल केडिसी रनमा शनिबार पहिलो भएका छन् । २१ किलोमिटर दूरीको दौडमा नरेन्द्र पुरुष र पूर्णलक्ष्मी महिलामा पहिलो भएका हुन् ।

नरेन्द्रले निर्धारित दूरी १ घण्टा १९ मिनेट ५१ सेकेन्डमा पूरा गरे । दोश्रो भएका करण रावलले १ घण्टा २१ मिनेट ५५ सेकेन्ड तथा तेश्रो स्थानका सुशिलकुमार शाहीले १ घण्टा २४ मिनेट ४६ सेकेन्ड समय निकाले । दुवै आर्मीका हुन् । सोलुखुम्बुका अर्जुन कुलुङ राई चौथो तथा आर्मीका गोपाल तामाङ पाँचौं स्थानमा रहे ।

पूर्णलक्ष्मीले निर्धारित दूरी तय गर्न १ घण्टा ४७ मिनेट समय लगाइन् । आर्मीकी निर्मला केसी १ घण्टा ५० मिनेटमा दोश्रो तथा खोटाङकी प्रिया राई १ घण्टा ५१ मिनेट ०८ सेकेन्डमा तेश्रो भए । नेपाल प्रहरीकी लाक्पा निमा शेर्पा चौथो तथा ओखल्ढुंगाकी छोकी शेर्पा पाँचौं बने ।

दुवै समूहमा शीर्ष पाँच स्थानमा रहने खेलाडीले क्रमशः ७५ हजार, ५० हजार, ३० हजार, २० हजार र १० हजार नगद पुरस्कार पाए ।

विजेतालाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङ, राखेपका कार्यकारी समितिका सदस्य एवं आयोजक महासंघका अध्यक्ष एकेन्द्र कुँवर, राखेपका सदस्य अञ्जन धमला, चन्द्रबदना राईलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे । त्यसअघि प्रतियोगिताको उद्घाटन पनि सदस्य-सचिव घिसिङले गरेका थिए ।

सो अवसरमा सदस्य-सचिव घिसिङले ट्रेल रेसका लागि नेपाल उत्तम गन्तब्य भएको बताउदै विदेशी खेलाडीलाई आकर्षित गर्ने योजना बनाइ देशको अर्थतन्त्र बृद्धिमा टेवा पुर्‍याउनुका साथै पर्यटन प्रवर्द्धनमा महासंघले जोड दिनु पर्ने बताए ।

दौड कीर्तिपुरको चारघरेस्थित माइती रिसोर्टबाट सुरु भइ दक्षिणकालीको बोसनडाँडा, कीर्तिपुरको पुरानो बाघभैरव, पुष्पलाल पार्क, चन्द्रागिरीको मत्छेगाउँ, मातातीर्थ, कीर्तिपुरको भत्क्यापाटी हुँदै पुनः माइती रिसोर्टमै आएर टुंगिएको थियो । दौडमा नेपाल आर्मी, नेपाल प्रहरी, एपीएफ, ४ राष्ट्रका ५ विदेशीलगायत गरी २ सय ६५ धावक/धाविको सहभागिता रहेको आयोजक महासंघका वरिष्ठ उपाध्यक्ष राजन खत्रीले जनाएका छन् ।



रुसको भ्लादिभोस्तोकमा योगको अभ्यास गर्दै मानिसहरू । *तस्बिर: सिन्हवा*

# चीनद्वारा फ्रान्ससँगको सहकार्यमा नयाँ उपग्रह प्रक्षेपण

**झिचाङ (चीन)–** चीनले फ्रान्ससँगको सहकार्यमा शनिबार नयाँ खगोलीय उपग्रह प्रक्षेपण गरेको छ । उपग्रह चिनियाँ र फ्रान्सेली वैज्ञानिकको लगभग २० वर्षको कडा परिश्रमको परिणाम हो, जसले गामा-रेहरू क्याप्चर गर्न ब्रह्माण्डको सबैभन्दा टाढाको भागमा आतिशबाजी जस्तै चम्कन्छ ।

चीनको राष्ट्रिय अन्तरिक्ष प्रशासनका अनुसार दक्षिणपश्चिम चीनको सिचुआन प्रान्तको जिचाङ स्याटेलाइट प्रक्षेपण केन्द्रबाट लङ मार्च-२सी रकेटबाट अन्तरिक्षमा आधारित मल्टि-ब्यान्ड भेरिएबल अब्जेक्ट मोनिटर (एसभिओएम) नामक उपग्रह प्रक्षेपण गरिएको थियो ।



'ब्रह्माण्ड बाल्यकालमा हुँदा भएका प्रारम्भिक गामा-रे विष्फोटहरू जस्ता खोजहरूका लागि तयार पारिएको यस उपग्रहले ब्रह्माण्डको विकासको अध्ययन गर्न मद्दत गर्ने छ,' एसभिओएमका चिनियाँ प्रमुख अन्वेषक र चिनियाँ एकेडेमी अफ साइन्सेजको नेसनल एस्ट्रोनोमिकल अब्जर्वेटरीमा काम गर्ने वेई जियान्यानले बताए । गामा-रे फट, सामान्यतया अवधिमा धेरै छोटो, बिग ब्यांग पछि ब्रह्माण्डमा सबैभन्दा हिंस्रक विष्फोटक घटना हो, भने तिनीहरू विशाल ताराको पतन तथा बाइनरी कम्प्याक्ट ताराको विलयको समयमा हुन्छन् । गामा-रे फटहरूमा गहिरो अवलोकन र अनुसन्धानले विज्ञानका केही आधारभूत प्रश्न बुझ्न मद्दत गर्ने उनले बताए ।

एसभिओएमको मुख्य वैज्ञानिक उद्देश्यहरूमा विभिन्न गामा-रे फटहरूको खोजी गरी पत्ता लगाउनु, फटको विद्युत् चुम्बकीय विकीरण मापन तथा अध्ययन गर्नु, अन्धकार ऊर्जा र फटहरूमार्फत ब्रह्माण्डको विकासको अध्ययन गर्नु र गुरुत्वाकर्षण तरंगहरूसँग सम्बन्धित विद्युत् चुम्बकीय संकेत अवलोकन गर्नु आदि रहेका छन् ।

फ्रान्सेली वैकल्पिक ऊर्जा र आणविक ऊर्जा कमिसनमा काम गर्ने एसभिओएमका फ्रान्सेली प्रमुख अन्वेषक बर्ट्रान्ड कोर्डियरले प्रारम्भिक ब्रह्माण्ड अवलोकन गर्न उपकरणको रूपमा गामा-रे फट प्रयोग गरेर, पहिलो तारा अवलोकन गर्न सक्ने बताए । यो धेरै रोचक भएको बताउँदै उनले वर्तमान युगमा ब्रह्माण्डको बारेमा जानकारी प्राप्त गर्ने यो एकमात्र तरिका भएको उल्लेख गरे । उपग्रहमा चारवटा वैज्ञानिक उपकरणहरू स्थापित छन्, जसमध्ये दुईवटा चीनले र दुईवटा फ्रान्सले विकास गरेको हो । चारवटा उपकरणहरूले दृश्यको ठूलो क्षेत्र र उच्च-परिशुद्धता अवलोकन गर्न सक्छन् । *रासस/सिन्हवा*

# प्यालेस्टिनी शिविरमा इजरायलको आक्रमण, २५ जनाको मृत्यु, ५० घाइते

**गाजापट्टी–** गाजा स्वास्थ्य मन्त्रालयले रफाह नजिकै अल-मवासीमा रहेको विस्थापित प्यालेस्टिनी शिविरमा इजरायलले गरेको आक्रमणमा २५ जनाको मृत्यु हुनुका साथै ५० जना घाइते भएको जनाएको छ ।

यसबाहेक राफाहको उत्तरपश्चिममा रहेको अल-शकौस क्षेत्रमा इजरायली गोलाबारीमा धेरै मानिस मारिएको र घाइते भएको प्यालेस्टिनी नागरिक सुरक्षा एजेन्सीले बताएको छ । इजरायली सेनाले गाजा सहर नगरपालिकाको ग्यारेज र सहरको पाँचतले भवनमा बम प्रहार गरेको अल जजिराले जनाएको छ ।



यसअघि गाजाको स्वास्थ्य मन्त्रालयले विगत २४ घण्टामा इजरायली सेनाले कम्तीमा ३५ प्यालेस्टिनीको हत्या गरेको र इजरायल र हमासबीच जारी युद्धमा ज्यान गुमाउनेको संख्या ३७ हजार ४३१ पुगेको जनाएको थियो । यसैबीच, यस क्षेत्रमा इजरायली नाकाबन्दी जारी रहँदा मानवीय अवस्था बिग्रँदै गइरहेको छ । फ्रान्सेली मेडिकल राहत समूह (एमएसएफ)ले शुक्रबार स्वास्थ्य सेवा सामग्री आपूर्ति अभावका कारण गाजामा स्वास्थ्य सेवा सञ्चालन स्थगित गर्नुपर्ने हुनसक्ने बताएको छ ।

'एमएसएफले अप्रिलको अन्त्यदेखि गाजामा कुनै पनि चिकित्सा आपूर्ति ल्याउन सम्भव नभएकाले आवश्यक औषधि र उपकरणको गम्भीर अभावको सामना गरिरहेको छ,' राहत समूहले एक विज्ञप्तिमा भन्यो ।

अन्तर्राष्ट्रिय चेतावनीका बावजुद इजरायलले मे महिनामा रफाहमा हमासविरुद्ध प्रतिआक्रमण सुरु गरेको थियो । *रासस/एएनआई*

## भारतमा परीक्षा सञ्चालन नियन्त्रणसम्बन्धी नयाँ कानुन लागू

**नयाँदिल्ली–** भारत सरकारले शुक्रबार राति परीक्षा सञ्चालन नियन्त्रणसम्बन्धी नयाँ कानुन लागू गरेको छ । नयाँ कानुनले कलेज भर्ना वा सरकारी जागिरका लागि परीक्षा सञ्चालनमा हुने अनियमितता वा भ्रष्ट अभ्यासमा संलग्न हुनेलाई १० वर्षको जेल र १० मिलियन भारतीय रूपैयाँको मौद्रिक जरिवानाजस्ता दण्डात्मक प्रावधानहरू समावेश गरेको छ ।

यस वर्षको फेब्रुअरीमा भारतीय संसद्ले पारित गरेको नयाँ कानुन सार्वजनिक परीक्षा (अनुचित साधनहरूको रोकथाम) ऐन, २०२४ शुक्रबारदेखि लागू गरिएको छ । राष्ट्रियस्तरका प्रमुख परीक्षाहरूको प्रश्नपत्र बारम्बार बाहिरिने घटनालाई लिएर संघीय सरकारको राष्ट्रिय परीक्षण एजेन्सीविरुद्ध देशभर विद्यार्थी र नागरिक समाज समूहले गरेको व्यापक विरोध प्रदर्शनको परिणामस्वरूप यो महत्त्वपूर्ण कानुन लागू भएको हो । *रासस/सिन्हवा*

# इटालीमा डुंगा दुर्घटना : ३४ जनाको मृत्यु

**रोम–** इटालीको तटरक्षकले यस हप्ताको सुरुमा दक्षिणी तटमा भएको आप्रवासी जहाज दुर्घटनामा थप १४ जनाको शव फेला परेसँगै र मृतकको संख्या ३४ पुगेको पुष्टि गरेको छ । 'यस हप्ताको सुरुमा क्यालाब्रियाको तटमा भएको डुंगा दुर्घटनामा ११ जनाको उद्धार गरिएको थियो भने ६० भन्दा बढी बेपत्ता भएका थिए,' तटरक्षकले एक विज्ञप्तिमा जानकारी गरायो ।

बेपत्ता व्यक्तिको लागि हवाई एवं समुद्री खोजी जारी रहेको बताएको छ । तटरक्षकले बिहीबार महिला र बालबालिकासहित १२ जनाको शव फेला परेको जानकारी गराएको हो । यस हप्ताको सुरुमा मेडिकल च्यारिटी डक्टरस विदाउट बोर्डर्स (एमएसएफ) ले कम्तीमा २६ जना बालबालिकासहित ६६ जना बेपत्ता भएको जानकारी दिएको थियो ।

जर्मन सहायता समूह 'रेस्क्युशिप'का अनुसार सोमबार इटालीको लम्पेडुसा टापुमा डुबेको आप्रवासी डुंगामा १० जनाको शव फेला परेको थियो । संयुक्त राष्ट्रसंघको आप्रवासनका लागि अन्तर्राष्ट्रिय संगठनका अनुसार गत वर्ष भूमध्यसागरमा करिब तीन हजार १५५ आप्रवासीको मृत्यु र बेपत्ता भएका थिए । यस वर्ष अहिलेसम्म एक हजारभन्दा बढीको मृत्यु र बेपत्ता भएका छन् । उत्तरी अफ्रिका र इटाली र माल्टाबीचको क्षेत्र भूमध्यसागर विश्वको सबैभन्दा घातक ज्ञात आप्रवासन मार्ग हो । *रासस/एएफपी*

# युक्रेनको ऊर्जा पूर्वाधारमा रुसी आक्रमण

**युक्रेन–** रुसले शनिबार देशको पश्चिम र दक्षिणका ऊर्जा पूर्वाधारमा रातारात 'ठूलो' आक्रमण गरेको युक्रेनले बताएको छ । जापोरिझिया र लिभिभ क्षेत्रका (अपरेटर) युक्रेनेर्गो सुविधामा उपकरण क्षतिग्रस्त हुनुका साथै दुई कर्मचारी घाइते भई जापोरिजियामा अस्पतालमा भर्ना गरिएको ऊर्जा मन्त्रालयले जनाएको छ ।

यसले विगत तीन महिनामा 'ऊर्जा पूर्वाधार सुविधामा आठौं ठूलो, संयुक्त आक्रमण' भएको बताएको छ ।

रूसी आक्रमणको दुई वर्षभन्दा बढी, लक्षित मिसाइल र ड्रोन आक्रमणले युक्रेनको बिजुली उत्पादन क्षमतालाई कमजोर बनाई किभलाई युरोपियन युनियनबाट ऊर्जा आयात गरी आपूर्ति गर्न बाध्य पारेको छ । युक्रेनी अधिकारीले बिहीबार राति भएको ठूलो आक्रमणमा पावर स्टेसनसहित ऊर्जा पूर्वाधार क्षतिग्रस्त हुनुका साथै सात जना कर्मचारी घाइते भएको बताएका छन् ।



युक्रेनको सबैभन्दा ठूलो निजी ऊर्जा कम्पनी डिटिइकेले आक्रमणले यसको एउटा कारखानामा 'गम्भीर क्षति' भएको बताएको छ । रुसी आक्रमणले युक्रेनको आधा ऊर्जा क्षमता नष्ट गरेको राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले बताएका छन् । जेलेन्स्कीले यस हप्ता युक्रेनका सबै अस्पताल र विद्यालयमा 'सकेसम्म चाँडो' सौर्य प्यानल जडान गर्नुपर्ने बताए ।

गर्मीको समयमा बिजुलीमा प्रभाव पार्ने रुसी प्रयास असफल गर्न अवाश्यक प्रयास गरिरहेको उनले बताए । डिटेकका प्रमुख कार्यकारी म्याक्सिम टिमचेन्कोले युक्रेनका पश्चिमी सहयोगीले ऊर्जा सञ्जालको रक्षा गर्न सैन्य सहायता प्रदान नगरे यो गर्मीमा गम्भीर संकटको सामना गर्नुपर्ने चेतावनी दिए ।

जेलेन्स्कीले युक्रेनका सहयोगीलाई देशको महत्त्वपूर्ण पूर्वाधारको रक्षा गर्न थप हवाई रक्षा प्रणाली पठाउन बारम्बार आग्रह गरेका छन् । अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन किर्बीले वासिङ्टनले किभमा एन्टी-एयर मिसाइलको डेलिभरीलाई प्राथमिकता दिने तथा अन्य देशले अर्डर दिएको जानकारी दिए ।

जेलेन्स्कीले सामाजिक सञ्जाल एक्समा जारी सन्देशमा अमेरिकाको कदमका लागि आभार व्यक्त गरेका छन् । यसका अतिरिक्त उनले हवाई रक्षा क्षमताले युक्रेनी सहर र नागरिकको सुरक्षा गर्ने उल्लेख गरेका छन् । *रासस/एएफपी*

# भारतको राजधानी दिल्लीमा पानीको हाहाकार

**नयाँदिल्ली–** गर्मीको समयमा सहर लगातार तातो हुँदै जाँदा शनिबार राजधानी दिल्लीका केही भागमा टयांकरबाट पानी ल्याउन मानिसहरूको लामो लाइन देखिएको थियो । गर्मीमा राजधानी दिल्लीमा पानीको अभावका कारण मयूर विहार क्षेत्रका गाउँ, सञ्जय कलोनी, ओखला क्षेत्र र गीता कलोनीका मानिसहरू लाइनमा उभिएर क्यान र बाल्टी समातेर पानीको टयांकर वरिपरि घुमिरहेको बिहानको दृश्यले देखाएको छ ।

बढ्दो तापक्रमको बीचमा, यी दृश्यहरू यो वर्षको गर्मी मौसम सुरु भएदेखि नै राजधानी क्षेत्रमा दैनिक घटना बनेका छन् । यसैबीच, पानी संकटमा राजनीतिक खिचातानी बीचमा, दिल्लीकी जलमन्त्री आतिशी शुक्रबार हरियाणा सरकारले दिल्लीको पानी नछोडेको आरोप लगाउँदै अनिश्चितकालीन भोक हडतालमा बसेका छन् ।




यसैबीच, दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालकी पत्नी सुनीता केजरीवालले न्यायिक हिरासतमा रहेका मुख्यमन्त्रीको सन्देश पढ्दै दिल्लीका जनता पानीको अभावबाट पीडित भएको देखेर केजरीवाल दु:खी भएको बताइन् ।

उनले केजरीवाल टिभीमा दिल्लीका मानिसहरू पानीको अभावका कारण पीडाको सामना गर्न बाध्य भएको देखेर आफूलाई दु:ख लागेको भवना सम्प्रेषण गरेकी हुन् । केजरीवालले आतिशीको 'तपस्या' सफल हुने र दिल्लीवासीले पानीको समस्याबाट राहत पाउने आशासहित अतिशीलाई शुभकामना दिए । यद्यपि भारतीय जनता पार्टीले भने पानी संकटलाई लिएर दिल्ली सरकारलाई आक्रमण जारी राखेको छ ।

भाजपाका सांसद बांसुरी स्वराजले आप सरकारले 'भ्रष्टाचारलाई प्रोत्साहित गर्न' संकटलाई 'योजनाबद्ध' गरेको आरोप लगाए । पानीको संकट, प्राकृतिक संकट नभई केजरीवाल सरकारले आफ्नै भ्रष्टाचारलाई प्रोत्साहित गर्दै अवैध टयांकर माफियालाई प्रोत्साहित गर्ने योजना बनाएको बांसुरी स्वराजले उल्लेख गरे ।

उनले सहर सुख्खा भई दिल्ली असहज अवस्थामा हुँदा केजरीवाल सरकार केवल नाटकमा लीप्त रहेको उल्लेख गर्दै मन्त्री आतिशीले पर्याप्त कदम चाल्नुको सट्टामा केवल नाटकमा लीप्त भई दिल्लीवासीलाई अनसनको धम्की दिइरहेको बताए । *रासस/एएनआई*


**भ्यू होटेल कान्तिपुर नेपालगन्ज (प्रा. लि.)**
**(लिक्वीडेशन)**
**सम्बन्धमा हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ वमोजिम मितिः २०७२-०३-१७ मा दर्ता भएको प्रा.लि.नं. १३६७०१ को भ्यू होटेल कान्तिपुर नेपालगन्ज (प्रा. लि.) लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मितिः २०८१।०२।२९ गतेको विशेष साधारणसभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धीत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लक्वीडेटर
**श्री शेर वहादुर रोकाया**
इजाजत पत्र नं. २८७
फोनः ९८५११६३७२३



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४२२०० | प्रति तोला - १४१५०० | प्रति तोला - १८१५ |



**रोपाइँको तयारी** | तनहुँको भानु नगरपालिका-४ बडहरेमा खेतमा धान रोप्दै किसान । भानु, व्यास, शुक्लागण्डकी नगरपालिका, म्याग्दे र ऋषिङ गाउँपालिका धान पकेट क्षेत्र हुन् । *तस्बिरः मिला दरै/रासस*

## 'बूढीगण्डकीलाई बहुउद्देश्यीय आयोजना बनाउनुपर्छ'

■ प्रभाव संवाददाता

**गोरखा–** पूर्वप्रधानमन्त्री एवं नेपाल (समाजवादी पार्टी)का अध्यक्ष डा बाबुराम भट्टराईले बूढीगण्डकी जलविद्युत् आयोजनालाई बहुउद्देश्यीय आयोजनाकैरूपमा अगाडि बढाउनुपर्ने बताएका छन् ।

गोरखामा शनिबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा उनले आयोजनाको विद्यमान अवस्था जारी रहेमा आयोजनाको काम अलपत्र पर्नसक्ने खतरा रहेको छ भने । उनले भने, 'नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनीबाट आयोजना बनाउन खोजिए बूढीगण्डकी बहुउद्देश्यीय आयोजनाका रूपमा बन्नै सक्दैन । प्राधिकरणको सहायक कम्पनीबाट बनाउने भनेको त हामीले कल्पना जुन बहुउद्देश्यीय आयोजनाको परिकल्पना गरेका छौँ, त्यो सम्भव छैन । यो विषयमा गोर्खाली जनताले पनि आवाज उठाउनुपर्छ ।'



बूढीगण्डकीलाई बहुउद्देश्यीय आयोजनाका रूपमा अगाडि बढाउन बूढीगण्डकी विकास प्राधिकरण गठन गरेको निर्माण गर्नुपर्नेमा उनले जोड दिए । 'बूढीगण्डकी विकास प्राधिकरण गठन गरेर आयोजना निर्माण अगाडि बढाउन सकियो मात्र यो आयोजना राष्ट्रिय गौरवको आयोजनाका रूपमा बन्छ', पूर्वप्रधानमन्त्री भट्टराईले भने, 'नत्र हामीले परिकल्पना गरिएअनुसार आयोजना बन्नै सक्दैन ।'

उनले वर्तमान सरकारले पनि बूढीगण्डकी आयोजना निर्माणको काम अगाडि बढाउन नचाहेकोसमेत बताए । 'मुख्य परियोजना बूढीगण्डकी परियोजना नै अलपत्र बन्दैछ', पूर्वप्रधानमन्त्री भट्टराईले भने, 'प्रधानमन्त्री पुष्पकमल दाहाल नै कुनै न कुनैरूपमा नौ वर्षदेखि सत्तामा हुनुहुन्छ, चाहे आफ्नो नेतृत्वमा होस् वा अरुको नेतृत्वमा तर आयोजना पटक्कै अगाडि बढाएको देखिएन ।'

गोरखालाई विकास र समृद्धिको मोडलकारूपमा अगाडि बढाउनुपर्ने आफ्नो चाहाना रहेको भए पनि आगामी आर्थिक वर्ष २०८१/८२ का लागि केन्द्र सरकारले बिनियोजन गरेको बजेटबाट उक्त सम्भावना नरहेको बताए । झट्ट हेर्दा गोरखामा बढी बजेट हालेको प्रचार भए पनि टुक्रे योजना मात्र परेको उनले बताए ।

'गोरखाको पश्चिम क्षेत्रलाई औद्योगिक क्षेत्रका रूपमा विकास गर्ने र सँगसँगै यहाँको ऐतिहासिक, सांस्कृतिक क्षेत्रलाई जोडर धार्मिक पर्यटन तथा उत्तरी गोरखालाई साहासिक पर्यटनको जुन बढी सम्भावना छ', उनले भने, 'यसलाई मिलाएर एकीकृत पर्यटनको योजना बनाउने प्रस्ताव गरेको भए पनि कुनै पनि सरकारले काम गरेन ।'

## स्वदेशमा उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्नु मुख्य प्राथमिकतामा

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले मुलुकको सामाजिक आर्थिक रूपान्तरणको प्रक्रियालाई तीव्र पारेर स्वदेशमा उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्नुपर्ने अहिलेको मुख्य प्राथमिकता रहेको बताएका छन् ।

राष्ट्रिय युवा परिषद् र युवा गैरसरकारी संस्था महासंघ नेपालले संयुक्तरूपमा आयोजना गरेको 'युथ लिडरसिप समिट-२०२४'लाई सम्बोधन गर्दै उपप्रधानमन्त्री श्रेष्ठले न्यूनतम आधारभूत आवश्यकता परिपूर्तिका लागि विदेशिनुपर्ने बाध्यता अन्त्य गर्नैपर्ने बताए । मुलुकमा युवा उद्यमशीलता विकास गर्न आगामी आर्थिक वर्षको बजेटमा विशेष व्यवस्था गरिएको जानकारी दिँदै उनले बजेटले उत्पादन वृद्धि र रोजगारी सिर्जनालाई उच्च प्राथमिकता दिएको बताए ।

राजनीतिक परिवर्तनपछाडि मुलुकले तीव्र आर्थिक फड्को मार्न नसकेको यथार्थ स्वीकार गर्दै उपप्रधानमन्त्री श्रेष्ठले भने, 'यसमा आलोचना गरौँ तर मुलुकको गौरवपूर्ण इतिहासप्रति गर्व गरौँ, सकारात्मक विषयलाई मनन्, समस्यालाई सच्याएर अगाडि बढौँ ।'

उपप्रधानमन्त्री श्रेष्ठले जनताको संघर्षको बलमा प्राप्त राजनीतिक उपलब्धिको रक्षा गर्दै आर्थिक समृद्धिको मार्गमा अघि बढ्नु वर्तमानमा सबैको आवश्यकता भएको उल्लेख गरे । 'राजनीतिक प्रणालीलाई प्रजातान्त्रिक त बनायौँ, तर यसले सामाजिक आर्थिक रूपान्तरणका पक्षमा माध्यम र साधनको काम गर्नुपर्थ्यो, त्यसो हुन सकेको छैन', उनले भने, 'आर्थिक समृद्धिलाई तीव्र पारेर मुलुकलाई सवल बनाउनुपर्छ ।'

मुलुकमा वैचारिक र सांस्कृतिक रूपान्तरणको आन्दोलनको खाँचो रहेको औँल्याउँदै उपप्रधानमन्त्री श्रेष्ठले समाजका सबै पक्षभित्र रूपान्तरणको अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिए । 'राजनीतिक दलभित्र शुद्धीकरणको अभियान चलाउनुपर्छ, राजनीति सफा नगरी विकास र समृद्धिको कार्यभार पूरा हुन सक्दैन', उनले भने, 'मुलुकलाई आर्थिकरूपमा सबल बनाउन राजनीतिक संस्कारमा परिवर्तन हुनैपर्छ, यसमा युवाको सक्रिय सहभागिताको आवश्यक छ ।'

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा तोसिमा कार्कीले मुलुकलाई आर्थिक रूपमा सबल बनाउन नेपालका राजनीतिक दलहरू सक्षम रहेको बताए । 'नेपाललाई समृद्धि बनाउन हामी सक्षम छौँ, चुनौती छन् तर त्यसलाई अवसरमा परिणत गर्न सक्छौँ', उनले भने ।

## वीरगन्ज महानगरमा २ अर्ब ८९ करोडको बजेट

■ प्रभाव संवाददाता

**वीरगन्ज–** वीरगन्ज महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि २ अर्ब ८९ करोड ४७ लाख रूपैयाँको बजेट ल्याएको छ । शनिबार आयोजित वीरगन्ज महानगरपालिकाको नगरसभाको १५औं अधिवेशनमा उपमेयर इम्तियाज आलमले आगामी आर्थिक वर्ष २०८० र ०८१ का लागि २ अर्ब ८९ करोड ४८ लाख १७ हजार रूपैयाँ बराबरको अनुमानित आय-व्यय सहितको बजेट सर्वजनिक गरेका हुन् ।

वीरगन्ज महानगरपालिकाले चालू आर्थिक वर्ष २०८०/८१ को तुलनामा आगामी आर्थिक वर्षका लागि ६२ करोड कम बजेट ल्याएको छ । चालु आर्थिक वर्षमा वीरगन्ज महानगरको बजेट संशोधनसहित ३ अर्ब ५१ करोड रूपैयाँको रहेको थियो ।

आगामी आर्थिक वर्षको कुल बजेटमध्ये चालू खर्चतर्फ २ अर्ब ४ करोड ६६ लाख अर्थात ७०.७ प्रतिशत र पूँजीगत खर्चतर्फ ८१ करोड १८ लाख अर्थात २८ प्रतिशत बजेट विनियोजन गरिएको छ । आगामी आर्थिक वर्षका लागि महानगरले खर्च व्यहोर्ने श्रोतहरूमध्ये आन्तरिक राजश्वबाट ७९ करोड ७५ लाख, नेपाल सरकारको वित्तीय हस्तान्तरणबाट १ अर्ब २७ करोड ९० लाख लाख, संघीय राजश्व बाँडफाँटबाट २६ करोड ८० लाख रहेको छ ।

त्यसैगरी प्रदेश अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट ५ करोड ३५ लाख, प्रदेश राजश्व बाडफाडबाट २ करोड २८ लाख र नगद मौज्दातबाट १० करोड खर्च व्यहोर्ने गरी बजेट व्यवस्थापन गरिएको उल्लेख छ । नगरसभामा बजेट प्रस्तुत गर्दै उपमेयर आलमले चालु आर्थिक वर्षमा संघीय सरकारको राजश्व असुलीमा आएको सङ्कुचनको कारण राजश्व बाँडफाँट घट्न गएको, घर जग्गा कारोबारमा आएको मन्दीको कारणबाट घरजग्गा रजिष्ट्रेशन आयस्रोत समेत घट्न जाँदा आगामी आर्थिक वर्षका लागि बजेटको आकार घटाउनु परेको बताएका छन् ।

## भरतपुर विमानस्थल विस्तार चाँडै

■ प्रभाव संवाददाता

**चितवन–** विसं २०७४ को स्थानीय तहको निर्वाचनमा विजयी भएपछि भरतपुर महानगरको परिषद्को पहिलो बैठकमा भरतपुर विमानस्थल विस्तार तथा स्तरोन्नतिको पहल गर्ने निर्णय गरिएको थियो । यो काम गर्न त्यति सहज थिएन । विमानस्थल विस्तार गर्न नेपाली सेनाको गण र घोडा प्रजनन केन्द्र स्थानान्तरण गर्नुपर्ने थियो । सहजै काम हुन्छ भन्नेमा विश्वास थिएन । तर निरन्तर प्रयास गरिरहे सम्भव हुन्छ भन्ने उदाहरणको रूपमा भरतपुर विमानस्थल विस्तार रहेको छ ।

महानगरपालिकाका धेरै बैठक विमानस्थल विस्तार र स्तरोन्नतिका लागि गरिएका छन् । विमानस्थलको विस्तारका लागि महानगरपालिकाको कार्यपालिकाको निर्णय र अनुरोध पछि पहिलो २०७५ माघ २० गते पहिलो बैठक भरतपुर विमानस्थलमा बस्यो । तत्कालीन पर्यटनमन्त्री रवीन्द्र अधिकारीसहित महानगर प्रमुख रेनु दाहाललगायतको उपस्थितिमा विमानस्थलको कार्यालयमा बसेको उक्त बैठकले विमानस्थल विस्तार गर्न प्रयास गर्ने निर्णय गरेको थियो ।

प्रमुख दाहालको भनाइमा त्यसपछिका सबै पर्यटन मन्त्रीहरूसँग पटकपटक विमानस्थल विस्तारका लागि छलफल गरिँदै आएको छ । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाका पालामा उनकै कार्यकक्षमा पर्यटनमन्त्री, रक्षामन्त्रीसहितको उपस्थितिमा बैठक बसेको थियो । यसका अतिरिक्त प्रधानमन्त्री, पर्यटनमन्त्री, रक्षामन्त्रीलगायतका उपस्थितिमा पटकपटक बैठक बसेका थिए ।

विसं २०७६ भदौ २८ गते प्रमुख दाहालको अध्यक्षतामा भरतपुर महानगरपालिकाको कार्यालयमा बसेको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल (त्यतिखेर पूर्वप्रधानमन्त्री), तत्कालीन पर्यटनमन्त्री योगेश भट्टराई, बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेललगायतको उपस्थित थियो । उक्त बैठकले विमानस्थलको स्तरोन्नतिका लागि नजिकै रहेको नेपाली सेनाको गणलाई स्थानान्तरण गर्न वैकल्पिक स्थानको खोजी गर्ने निर्णय गरेको थियो । जग्गा उपलब्ध गराउने जिम्मेवारी महानगरपालिकालाई दिएको थियो ।

यस विषयमा प्रतिवेदन तयार गर्न पर्यटन मन्त्रालयले सह-सचिव बुद्धिसागर लामिछानेको संयोजकत्वमा समिति बनाएको थियो । लामो प्रयासपछि २०८० माघ १८ गतेको मन्त्रिपरिषद्को बैठकले विमानस्थल विस्तार गर्ने निर्णय गरेको हो ।

नेपाल सरकारले आगामी आर्थिक वर्षको बजेटमा पनि समावेश गरेपछि अब भरतपुर विमानस्थल विस्तार हुने निश्चित भएको छ । सात वर्षपछिको निरन्तर प्रयासले विमानस्थल स्तरोन्नति र विस्तार हुने निश्चित बनेको प्रमुख दाहाल बताउँछिन् ।

भरतपुर विमानस्थल विस्तार र स्तरोन्नतिका लागि रु चार अर्ब ५० करोडभन्दा बढी लगानी हुँदैछ । बन्दै गरेको टर्मिनल भवन सम्पन्न गर्न रु दुई अर्बभन्दा बढी खर्च हुँदैछ । नेपाली सेनाको घोडा प्रजनन केन्द्र स्थानान्तरण, धावन मार्ग विस्तार लगायतमा अरु रु दुई अर्ब ५० करोडभन्दा बढी खर्च गरेर सुविधासम्पन्न विमानस्थल बनाइँदै छ । प्रमुख दाहालले भनिन्, 'अहिले विमानस्थल विस्तार अति आवश्यक छ, धावन मार्ग छोटो हुँदा निकै जहाज उडान गर्न जोखिमपूर्ण छ ।'

चितवन र छिमेकी जिल्लाका लागि यो सधैँका लागि महत्वपूर्ण आयोजना भएको उनी बताउँछिन् । बिहीबार श्री एयरले परीक्षण उडान गर्दै गर्दा यहाँ उपस्थित उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछाने र पर्यटन तथा नागरिक उड्यनमन्त्री हितबहादुर तामाङले सार्वजनिक रूपमा नै प्रमुख दाहालको निरन्तर प्रयासको प्रशंसा गरे ।

नागरिक उड्यन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले आगामी साउनमा विमानस्थल विस्तारका लागि बोलपत्र आह्वान हुने जानकारी दिए । ढिलोमा सन् २०२५ जनवरीसम्ममा विस्तारको काम थालिसक्ने उनी बताउँछन् ।

विस्तारपछि भरतपुरमा रात्रिकालीन उडान सुरु हुने उल्लेख गर्दै चौबिसै घण्टा जहाज अवतरण गर्न सकिने बताए । उनले विमानस्थलको स्तरोन्नतिपछि बुद्ध, यती लगायतका एयरलाइन्सका एटिआर-७२ जहाजहरू पनि सहजै अवतरण गर्न सकिने बताए । हाल एक हजार दुई सय मिटर लामो धावनमार्ग रहेको भरतपुर विमानस्थललाई नेपाली सेनाको घोडा प्रजनन केन्द्रसम्म विस्तार गरेर एक हजार आठ सय मिटर लामो बनाउने लक्ष्य छ ।

**सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा हार्दिक अनुरोध**

यस प्रभाव दैनिक प्रालिद्वारा प्रकाशित प्रभाव राष्ट्रिय दैनिकसँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूलाई आव ०८०/०८१ को बक्यौता रकम २०८१ असार २५ गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता एजेन्सीहरु सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने कामना व्यक्त गर्दछौं ।

लेखा शाखा
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल
फोनः ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email: marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...
**www.prabhabonline.com**
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन पा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ